काठमाडौं, नेपालगन्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक
दैनिक

**आर्थिक**
उद्योगमा तत्काल विद्युत् नियमित गर्न उद्योग संगठनको माग

**समाचार**
दाङको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान अनियमितताको 'आहाल'मा डुबेको छ।




पुसको दोस्रो सातादेखि राष्ट्रिय फुटबल लिग
अखिल नेपाल फुटबल संघ (एन्फा) ले आगामी पुस ९ गतेदेखि पुरुष राष्ट्रिय लिग काठमाडौंमा आयोजना गर्ने भएको छ।

वर्ष १७, अंक १८४, पृष्ठ ८, मंगलबार १८ कात्तिक २०८२, कार्तिक शुक्लपक्ष चतुर्दशी, Tuesday, 4 November, 2025, नेपाल संवत् ११४६, मूल्य- १०/- nagariknews.com

### डेडिकेटेड र ट्रंक विवाद
# मध्यमार्गी प्रस्तावमा उद्योगी सशंकित

दिलीप पौडेल
*काठमाडौं, कात्तिक १७*




लामो समयदेखिको डेडिकेटेड र ट्रंक लाइन विवाद मिलाउन प्रस्तुत गरिएको मध्यमार्गी प्रस्तावमा उद्योगी सशंकित देखिएका छन् । डेडिकेटेड र ट्रंक लाइनको महसुल नतिरेको भन्दै नेपाल विद्युत् प्राधिकरणले २५ उद्योगको लाइन काटेको दुई सातापछि नेपाल उद्योग वाणिज्य महासंघको पहलमा सरकारसँग छलफल भएको थियो । दुई सातासम्म सरकार चुप लागेर बसे पनि उद्योगी महसुल तिर्ने विषयमा टसमस नभएपछि नयाँ प्रस्तावबाट निकास खोजिएको हो ।

प्रधानमन्त्री सुशीला कार्की, केही मन्त्रीसहितको छलफलमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले २८ किस्तामध्ये एक किस्ताबराबरको रकम किस्ताका रूपमा नभई विवादित रकम मानी धरौटीका रूपमा बुझाएपछि काटिएको विद्युत् लाइन जोड्ने प्रस्ताव राखेका थिए । उक्त प्रस्तावमा प्रधानमन्त्रीसहितका सरकारी अधिकारी सहमत भएको अध्यक्ष ढकालले बताए । 'एक किस्ता धरौटीमा राखेपछि उद्योगको लाइन जडान गर्ने सहमति भएको छ,' ढकालले भने, 'डिपोजिट महसुलका रूपमा नभई धरौटीका रूपमा हो । त्यसपछि उद्योग पुनरवलोकनमा जान सक्ने सहमति छ ।' ढकालले उद्योगीहरू सशंकित हुनुपर्ने अवस्था नभएको बताए ।

प्रधानमन्त्री कार्कीको कार्यकक्षमा भएको छलफलमा अर्थमन्त्री रामेश्वर खनाल, ऊर्जामन्त्री कुलमान घिसिङ, उद्योग वाणिज्यमन्त्री अनिल सिन्हा, मुख्य सचिव एकनारायण अर्यालसहित सरकारी र निजी क्षेत्रका अधिकारी सहभागी थिए । छलफलमा डेडिकेटेड र ट्रंक लाइनसँग जोडिएका उद्योगीलाई समावेश नगराएको भन्दै असन्तुष्टि पनि व्यक्त भएको छ । तर उद्योगीसँग म्यान्डेट लिएर नै महासंघ सरकारसँग वार्तामा बसेको थियो ।

सम्बन्धित उद्योगीले प्राधिकरणमा धरौटी बुझाउँदा नै सोही निवेदनमा आफ्नो असहमतिसमेत राखी पुनरवलोकन एवं अन्य व्यहोरा उल्लेख गरी पेस गर्न सक्ने सहमति भएको छ । उद्योगीहरूले किस्ता रकम नभनी विवादित रकमको धरौटीका रूपमा विद्युत् प्राधिकरणले स्वीकार गरी कानुनी उपचारको अवसर प्राप्त भए सहमति हुन सक्ने बताएपछि यो प्रस्ताव गरिएको हो । विगतमा पनि पुनरावलोकनका लागि पहल भए पनि अहिलेका ऊर्जामन्त्री तथा तत्कालीन प्राधिकरण कार्यकारी निर्देशक कुलमान घिसिङका कारण समस्या सिर्जना भएको उद्योगीको बुझाइ छ । अहिले धरौटी भन्ने अनि किस्ता तिरेको बहाना बनाउन सक्ने भएकाले शंका उब्जिएको एक उद्योगीले बताए । 'सम्बन्धित मन्त्रालयबाट प्रस्ट भाषामा लेखेर नआउँदासम्म हामीलाई शंका छ,' ती उद्योगीले भने, 'विगतमा हामीलाई धोका भएको छ ।'



> २८ किस्तामध्ये एक किस्ताबराबरको रकमलाई धरौटीका रूपमा बुझाएपछि काटिएको विद्युत् लाइन जोड्ने सहमति भएको हो । त्यसपछि उद्योगहरू पुनरवलोकनमा जान सक्छन् ।
>
> **चन्द्रप्रसाद ढकाल**
> अध्यक्ष
> नेपाल उद्योग वाणिज्य महासंघ

नेपाल विद्युत् प्राधिकरण र उद्योगीबिचको टकरावले आठ वर्षदेखिको डेडिकेटेड र ट्रंक लाइन विवाद कायम छ । उद्योगीले प्रिमियम महसुल नतिरेको भन्दै प्राधिकरणले २५ उद्योगको लाइन काटेपछि ती उद्योग बन्द भएका छन् । प्राधिकरणले महसुल तिर्न पछिल्लो पटक असोज १२ गते तीन साताको अल्टिमेटम दिएको थियो ।

बाँकी पृष्ठ २

# प्रकृतिसँगको सामीप्यमा नेपाल विश्वमै पहिलो

श्रीराम सुवेदी
*काठमाडौं, कात्तिक १७*

मानव-प्रकृतिबिचको सुमधुर सम्बन्धका हिसाबले नेपाल विश्वमै पहिलो राष्ट्र बनेको छ। विश्वका ६१ राष्ट्रमा गरिएको अध्ययनले 'नेचर कनेक्टेड' राष्ट्रको सूचीमा

**सुसमाचार**

नेपाल सबैभन्दा अगाडि देखिएको हो । विश्वका ६१ राष्ट्रका ५७ हजार सहभागी रहेको सो अध्ययनमा सामाजिक, आर्थिक, भौगोलिक र सांस्कृतिक कारकहरूले कसरी मानिसको प्रकृतिप्रतिको दृष्टिकोणलाई असर गर्छ भन्ने विषय विश्लेषण गरिएको थियो ।

वातावरण तथा समाजसम्बन्धी वैज्ञानिक जर्नल 'एम्बिओ'मा शनिबार प्रकाशित उक्त प्रतिवेदनअनुसार सबैभन्दा बढी प्रकृतिसँग जोडिएका राष्ट्रको सूचीमा नेपालपछि दोस्रो, तेस्रो, चौथो र पाचौं राष्ट्रमा क्रमशः इरान, दक्षिण अफ्रिका, बंगलादेश र नाइजेरिया छन् । कुल ६१ राष्ट्रमध्ये प्रकृतिसँग सबैभन्दा न्यून सम्बन्ध जोडिएका राष्ट्रको सूचीमा अन्तिमतिर अर्थात् ६१औं स्थानमा स्पेन, ६०औं स्थानमा जापान र ५९औं स्थानमा इजरायल छन् ।



गेट्टी इमेजेज्

'प्रकृति-सामीप्य'लाई एक स्थापित अवधारणा मानिन्छ, जसले कुनै व्यक्तिको प्रकृतिसँगको संज्ञानात्मक र भावनात्मक सम्बन्धलाई झल्काउँछ । यो मनोवैज्ञानिक अवधारणाअन्तर्गत कुनै व्यक्तिकोअन्यजीवजन्तुसँगको सम्बन्ध मापन गरिने अध्ययन प्रतिवेदनमाउल्लेख छ। विभिन्न अध्ययनले प्रकृतिसँगको सम्बन्ध बलियो हुँदा व्यक्तिको मानसिक स्वास्थ्य राम्रो हुने र ऊ वातावरण-मैत्री व्यवहारमा बढी संलग्न हुने देखाएका छन् । यसैगरी प्रकृतिसँगको कमजोर सम्बन्धका कारण सम्बद्ध व्यक्तिले व्यक्तिगत भौतिक लाभलाई प्राथमिकता दिने हुँदा यसलाई जैविक विविधताको ह्रास निम्त्याउने कारकसमेत मानिन्छ ।

**शीर्ष १० स्थानमा रहेका राष्ट्रहरू**

| |
|---|
| १. नेपाल |
| २. इरान |
| ३. दक्षिण अफ्रिका |
| ४. बंगलादेश |
| ५. नाइजेरिया |
| ६. चिली |
| ७. क्रोएसिया |
| ८. घाना |
| ९. बुल्गेरिया |
| १०. ट्युनिसिया |

बेलायत र अस्ट्रियाका अनुसन्धानकर्ताको टोलीले गरेको उक्त अध्ययनले समाजमा उच्च 'आध्यात्मिकता'को स्तरलाई प्रकृतिसँगको गहिरो सम्बन्धको सबैभन्दा बलियो 'सूचक' भनी देखाएको छ । अध्ययनले धर्म र आस्थालाई महत्त्व दिने समाजमा प्रकृतिसँगको सम्बन्ध पनि बलियो रहने देखाएको छ । अध्ययनको नेतृत्व बेलायतको डर्बी विश्वविद्यालयका प्राध्यापक माइल्स रिचर्डसनले गरेका थिए । प्रकृतिसँग सम्बन्धलाई कमजोर पार्ने कारकमा उच्च सहरीकरण, औसत आम्दानी र इन्टरनेट प्रयोगको दर रहेको अध्ययनमा उल्लेख छ ।

'प्रकृतिसँगको सम्बन्ध केवल हामीले के गर्छौं भन्ने होइन तर हामीले कसरी महसुस गर्छौं, सोच्छौं र जीवित संसारमा आफ्नो स्थानलाई कति मूल्य दिन्छौं भन्ने हो,' अध्ययनका नेतृत्व गरेका रिचर्डसनलाई उद्धृत गर्दै बेलायती पत्रिका गार्जियनले लेखेको छ। अत्यधिक सहरीकरणको दौडमा रहेको समाजमा सहरभित्रै प्रकृति भित्र्याए मानिस र प्रकृतिबिचको सम्बन्ध पुनर्जीवित गर्न सकिने उनको दाबी छ । 'तर यो केवल पार्क बनाउने विषय मात्र होइन । कसरी पवित्र सहरी प्रकृति सिर्जना गर्ने भनेर पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। केवल पार्क बनाउनु सजिलो छ तर हामी त्यसको गहिराइमा पुग्नुपर्छ,' रिचर्डसनले भनेका छन् ।

मानव-प्रकृति सम्बन्धका प्रमुख समष्टिगत कारकहरू र तिनलाई परिवर्तन गर्न सक्ने अन्य सहायक कारक बुझ्न वस्तुनिष्ठ र व्यक्तिपरक कारकको विश्लेषणसहित प्रारम्भिक अवधारणगत ढाँचा प्रस्ताव गर्ने र मानव-प्रकृति सम्बन्धको सूचकका रूपमा 'प्रकृति-सामीप्य' र दिगो विकास लक्ष्यका सूचकांकका बिचको तुलना गर्ने र त्यसको परीक्षण गर्ने उद्देश्य अध्ययनले लिएको थियो । विश्वका राष्ट्रको 'आध्यात्मिकता' र 'प्रकृति-सामीप्य'बिचको सम्बन्धलाई धार्मिक आस्था र विश्वाससम्बन्धी तथ्यांकको विश्लेषणका आधारमा पहिलोपटक 'वर्ल्ड भ्यालुज सर्भे' अर्थात् 'विश्वव्यापी मान्यता सर्वेक्षण'ले केही दशकअघि पुष्टि गरेको थियो ।

# आरोहणमा गएका पाँच विदेशीसहित सातको मृत्यु

नागरिक संवाददाता
*काठमाडौं, कात्तिक १७*

दोलखाको गौरीशंकर-९ स्थित रोल्वालिङ हिमशृंखला यलुङ री हिमालको बेसक्याम्पमा हिमपहिरो खस्दा पाँच विदेशी र दुई नेपाली गरी सात आरोहीको मृत्यु भएको छ । हिमपहिरोमा परी पाँच जना घाइते भएका छन् । दोलखा प्रहरीका अनुसार मृत्यु हुने पाँच विदेशीमा अमेरिकी नागरिक तीन जना छन् भने क्यानडाका र इटालीका एकएक जना छन् । उनीहरूसँगै रहेका दुई नेपालीको पनि मृत्यु भएको दोलखा प्रहरीले जनाएको छ ।

सशस्त्र प्रहरी बलका सहप्रवक्ता डिएसपी शैलेन्द्र थापाका अनुसार उद्धारका लागि टोली गइसकेको छ । तीन वटै सुरक्षा निकायको उद्धार टोली सोमबार साँझ घटनास्थलमा पुगिसकेको उनले जानकारी दिए । पाँच हजार ६ सय ३० मिटर अग्लो यलुङ री आरोहणका लागि सोमबार बिहान पाँच विदेशीसहित सात नेपाली पथप्रदर्शक त्यसतर्फ गएका थिए । बिहान करिब साढे ८ बजे आरोहणमा सहभागी सबैलाई हिमपहिरोले छोपेको थियो । गौरीशंकर गाउँपालिका अध्यक्ष विश्वास कार्कीले ठुलो हिउँपहिरो खसेको जानकारी दिए । उनले कति संख्यामा आरोहीको मृत्यु भयो भन्नेमा यकिन हुन नसकेको बताए । 'हामी सम्पर्क गर्ने कोसिसमा छौं, पाँच विदेशी र दुई नेपालीको मृत्यु भन्ने आएको छ । तीन जना यता सम्पर्कमा आइसक्नुभएको छ । उहाँहरूले पनि यकिन खबर दिनसक्नुभएको छैन,' अध्यक्ष कार्कीले भने ।

हिमपहिरो आएलगत्तै खटिएका सुरक्षाकर्मीहरू सोमबार राति 'ना' गाउँमा पुगेका छन् । समयमा हिमपहिरोबाट उद्धार नहुँदा मानवीय क्षति भएको हो । हिमपहिरोमा सात जनाको मृत्यु भएको दोलखा प्रहरी प्रमुख डिएसपी ज्ञानकुमार महतोले जानकारी दिए । उनका अनुसार आरोहणमा गएको टोली हिमपहिरोमा परेको सूचना ढिलो प्राप्त भएको थियो । केही दिनदेखि रोल्वालिङ उपत्यकाको मौसममा खराबी आएसँगै हिमपात भएको थियो । हिमपात भएपछि ना गाउँका स्थानीय बेदिङ झर्ने गरेका छन् ।

पढ्नुहोस्
nagariknews.com
www.nagariknews.com

### सप्तरीमा झाडापखाला
# मुसहर बस्तीमा 'सिल', विद्यालय बन्द
**आरडिटी परीक्षण गर्दा तीन जनामा हैजा देखिएपछि 'कल्चर'का लागि प्रादेशिक प्रयोगशालामा नमुना पठाइयो ।**

मिथिलेश यादव
*लहान, कात्तिक १७*

एक साताभित्र एकै परिवारका तीन जनाको ज्यान जाने गरी सप्तरीको छिन्नमस्ता गाउँपालिका-५ लोखरमको मुसहर बस्तीमा झाडापखाला फैलिएपछि सोमबारबाट उक्त बस्तीलाई 'सिल' गरिएको छ भने बिरामीको उपचार गर्न थालिएको छ ।

झाडापखाला थप फैलिन नदिन बस्तीका मानिसलाई बाहिर जान नदिने र आवश्यक वस्तु त्यहीँ नै उपलब्ध गराउने गरी एक हिसाबले सिल गरिएको पालिका अध्यक्ष विद्यानन्द चौधरीले बताए । 'आइतबारबाटै बस्तीमा स्वास्थ्यकर्मीको टोलीले स्थलगत उपचार सुरु गरिसकेको छ,' अध्यक्ष चौधरीले नागरिकसँग भने, 'अहिले अवस्था नियन्त्रणमा आइसकेको छ । आत्तिनुपर्ने अवस्था छैन ।'

झाडापखालाका सबै बिरामीसँग आइतबार दिसाको नमुना माग्दा चार घण्टामा नौ जनाले मात्रै दिएको अध्यक्ष चौधरीले बताए । जिल्ला स्वास्थ्य कार्यालयमा जाँचका लागि पठाइएको ती नमुनामध्ये तीन जनामा हैजा देखिएको छ । आरडिटी (र्‍यापिड डाइग्नोस्टिक टेस्ट) बाट हैजा (कोलेरा भिब्रिओ कोलरी) परीक्षण गर्दा तीन जनामा पोजेटिभ देखिएको छ । थप यकिन गर्न ती पोजिटिभ देखिएको नमुना प्रादेशिक प्रयोगशाला जनकपुरधाम पठाइएको छ । त्यसको रिपोर्ट आइनसकेको अध्यक्ष चौधरीले जानकारी दिए ।



झाडापखाला फैलिएको सप्तरीको छिन्नमस्ता गाउँपालिका-५ लोखरमको मुसहर बस्तीमा स्वास्थ्यकर्मीको टोली । *तस्बिर : मिथिलेश/नागरिक*

उनका अनुसार स्थानीय सुरज सदाकी तीन वर्षीय छोरा मनीष, शिवकुमार सदाका सात वर्षीय छोरा अमन र सुबोध सदाकी ३० वर्षीया पत्नी रेखादेवी सदाको आरडिटी पोजेटिभ देखिएको छ । तीनै जनालाई थप उपचारका लागि गजेन्द्रनारायण सिंह अस्पताल राजविराज लगिएको थियो । उनीहरूको उपचार भइरहेको छ । उनीहरूको स्वास्थ्य सुधारोन्मुख रहेको उनले बताए । 'हामी विपद् व्यवस्थापन समितिबाट निर्णय गरेरै चार स्वास्थ्यकर्मीलाई चौबिसै घण्टा उपचारमा खटाएका छौं,' उनले भने । हैजा फैलिएको वडाका विद्यालयहरूलाई तीन दिनको बिदा दिइएको चौधरीले बताए । पानीको साबिक स्रोतलाई बन्द गरी प्रशोधित पानी वितरण गरिरहेको उनले बताए ।

झाडापखालाका कारणले गर्दा परिवारका तीन जना गुमाएका बुचन सदायलाई राहत तथा खाद्य सामग्रीसमेत गाउँपालिकाबाट दिइएको अध्यक्ष चौधरीले बताए । 'किरिया खर्च वडा र स्थानीयले सहयोग गरेका छन्,' उनले भने, 'गाउँपालिकाबाट पनि हामी सहयोग गर्छौं ।' बुचनसहितको यो सदाय बस्ती ऐलानी जमिनमा बस्दै आएका छन् । यस बस्तीका प्रायः सबैको जीविकोपार्जनको स्रोत मजदुरी हो । कोही दिल्ली पन्जाबमा मजदुरी गरेर परिवारको गुजारा चलाउँछन् । कोही गाउँघरमै कृषि र अन्य मजदुरी गरेर जीवन धान्दै आएका छन् ।

बाँकी पृष्ठ २

# लोकसेवामा जुम्ला सबैभन्दा अगाडि




भुवन शर्मा
*काठमाडौं, कात्तिक १८*

लोकसेवा आयोगका सबै किसिमका परीक्षा उत्तीर्ण गरी सरकारी सेवामा प्रवेश गर्नेमा जिल्लागत आधारमा यसअघिसम्म स्याङ्जा, गुल्मीलगायत जिल्ला सधैं अगाडि हुने गरेका थिए । तर आर्थिक वर्ष २०८१/८२ मा लोकसेवा आयोगको परीक्षा पास गरी सरकारी सेवामा प्रवेश गर्ने जिल्लाहरूमा जुम्ला अग्रपंक्तिमा रह्यो । यस हिसाबमा आयोगको परीक्षामा अत्यन्त विकट हिमाली जिल्ला जुम्लाले 'ब्रेक' गरेको छ ।

आयोगले राष्ट्रपतिलाई बुझाएको वार्षिक प्रतिवेदनमा उल्लेख गरेअनुसार उक्त अवधि (आ.व. २०८१/८२) मा निजामती सेवातर्फ दुई हजार पाँच सय ८३ जना र राष्ट्रिय मानवअधिकार सेवातर्फ नौ जना गरी कुल दुई हजार पाँच सय ९२ जना उम्मेदवार आयोगको परीक्षा उत्तीर्ण गरी सरकारी सेवामा नियुक्तिका लागि लागि सिफारिस भएका छन् । तीमध्ये महिला नौ सय दुई जना र पुरुष एक हजार ६ सय ९० जना छन् । उक्त आवमा सरकारी सेवामा सिफारिस गरिएकामध्ये सबैभन्दा बढी उम्मेदवार सिफारिस हुने पहिलो जिल्ला जुम्ला भएको आयोगको प्रतिवेदनमा जनाइएको छ । जुम्लापछि स्याङ्जा, गुल्मी, धनुषा र काठमाडौं/सर्लाही छन् ।

जिल्लागत आधारमा मुस्ताङ जिल्लाबाट एक जना मात्र उम्मेदवार सिफारिस भएका छन् । मनाङ जिल्लाबाट यस वर्ष कुनै पनि उम्मेदवार सिफारिस हुन सकेनन् । प्रतिवेदन अनुसार उक्त आवमा सिफारिस हुने उम्मेदवारको औसत उमेर २९ वर्ष रहेको छ ।

> सबैभन्दा बढी दरखास्त हाल्ने जिल्ला सर्लाही भए पनि उत्तीर्ण गर्ने जिल्ला जुम्ला बनेको छ । जुम्लापछि क्रमशः स्याङ्जा, गुल्मी, धनुषा र काठमाडौं/सर्लाही छन् ।

प्रतिवेदनमा जनाइए अनुसार विभिन्न निकायबाट रिक्त पदपूर्तिका लागि माग भएअनुरूप उक्त अवधिमा चार सय ९६ ओटा बढुवा विज्ञापन, एक सय ४१ ओटा आन्तरिक प्रतियोगितात्मक परीक्षा, दुई सय ८६ ओटा खुला प्रतियोगितात्मक परीक्षा र पाँच सय ९० वटा विभिन्न समावेशी समूहका गरी एक हजार पाँच सय १३ वटा विज्ञापन तथा बढुवा सूचनाहरू प्रकाशन गरिएका थिए ।

बाँकी पृष्ठ २

# भेरी-बबई डाइभर्सन आयोजनाको अवस्था निराशाजनक

निर्मल घिमिरे
*बर्दिया, कात्तिक १७*

भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको अवस्था निराशाजनक रहेको पाइएको छ । निर्माणमा भइरहेको ढिलासुस्तीले आयोजनाको लक्ष्य गोलमटोल बनेको हो । बाहिरी आवरणमा हेर्दा बर्सेनि प्रतिशतमा प्रगति देखिए पनि मूलतः सिँचाइ र विद्युत्जस्ता पहिलो प्राथमिकताका सेवा नागरिकले कहिले उपभोग गर्ने भन्ने विषयलाई सरोकारवाला पक्षले बेवास्ता गर्दा त्यस्तो अवस्था निम्तिएको हो ।

आयोजनाले टनेल (सुरुङ) निर्माण गरेर प्रशंसा बटुले पनि त्यसबाट भेरी नदीको पानी बबईमा खसाल्ने लक्ष्यलाई गोलमटोल गरेर अन्यत्र मात्र ध्यान दिएको तथ्य सार्वजनिक भएको हो । भेरी नदीको पानी बबई सिँचाइको नहर प्रणालीमार्फत वितरण हुने हो भने किसानलाई आवश्यक समयमा उपयुक्त मात्रामा पानी दिन सकिने बबई सिँचाइ आयोजनाका सूचना अधिकारी दिनेश पौडेलले जानकारी दिए ।

उनका अनुसार पर्याप्त मात्रामा किसानलाई सिँचाइ सुविधा पुर्‍याउन सके प्रतिहेक्टर किसानले नगदे



बाली डबल फसल उत्पादन सम्भव हुन्छ । त्यति मात्रै होइन, सिँचाइ सुविधा पाइएको खण्डमा वार्षिक चार बालीसम्म उत्पादन गर्न किसान जुट्छन् । 'भेरीको पानी बबई सिँचाइको नहर प्रणालीमार्फत बर्दियामा ३६ हजार र बाँकेमा १५ हजार हेक्टरका लागि पानी पठाइनेछ,' उनले भने, 'टनेलबाट भेरीको पानी बबई नदीमा नखसाले पनि बबई सिँचाइले २८ हजार हेक्टरका खेतमा सिँचाइ गर्न नहर प्रणाली विस्तार भइसकेको छ ।' पहिलो प्राथमिकतामा सिँचाइ सुविधा र ४६ दशमलव ८ मेगावाट विद्युत् उत्पादन रहे पनि हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकलका काम सँगै अघि बढाउँदा विभिन्न बाधाअड्चनभित्र भेरी-बबई डाइभर्सन आयोजना रुमलिइरहेको पाइएको छ ।

बर्दिया राष्ट्रिय निकुञ्जको जग्गा अधिग्रहण गरेर विद्युत् प्राधिकरणले कोहलपुर-सुर्खेत एक सय ३३ केभी प्रसारण लाइन विस्तार सुरु गरेसँगै बहुउद्देश्यीय आयोजना ट्रान्जेक्सनका लाइन विस्तारको तयारी भइरहेको छ। तर निकुञ्जले सहमति नदिँदा आयोजनाको काम बिचमा अड्किएको छ । मुख्य प्राथमिकताका विषयमा नजरअन्दाज गर्दा भेरी-बबई डाइभर्सन आयोजना समस्याग्रस्त बन्दै गइरहेको आकलन छ।

आयोजनाको लागत अनुमान ३३ अर्बको छ । टेन्डर प्रतिस्पर्धा गर्दा कम लागत लागे पनि आयोजना कहिले सम्पन्न हुने भन्ने अन्योल बढ्दै गइरहेको छ।

बाँकी पृष्ठ २

## बढ्यो प्रधानमन्त्रीको व्यस्तता

# एक दिनमै आधा दर्जन बैठक निर्वाचन केन्द्रित

टपेन्द्र कार्की

*काठमाडौं, कात्तिक १७*

प्रधानमन्त्री सुशीला कार्कीले समयमा निर्वाचन गराउन सम्बन्धित सरोकारवाल पक्षसँग निरन्तर छलफल थालेकी छन् । पछिल्लो पटक प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, उपसभामुख इन्दिरा राना मगर, राष्ट्रियसभाका अध्यक्ष नारायण शर्मा, उपाध्यक्ष विमला घिमिरेसँग उनले परामर्श गरिसकेकी छन् । उनी सोमबार मात्रै दर्जनभन्दा बढी बैठकमा सहभागी भइन् । खासगरी निर्वाचनसँग सम्बन्धित भएर आधा दर्जन बैठकमा सरोकारसँग छलफल गरेकी छन् ।

प्रदेश मुख्यमन्त्रीहरूसँग आइतबार भएको छलफलपछि सोमबार सभामुख र राष्ट्रियसभा अध्यक्षहरूसँग प्रधानमन्त्री कार्कीले छलफल गरेकी थिइन् । सोमबार नै उनले सुरक्षा निकायका प्रमुखहरूसँग मात्र छलफल गरेकी छैनन्, मुख्यसचिवसहितका कर्मचारीहरूसँग पनि छलफल गरेकी थिइन् । त्यसैगरी उनले संसद् सचिवालयका कर्मचारीहरूसँग पनि छलफल गरेकी थिइन् । त्यसक्रममा निर्वाचनको वातावरण बनाउन सबै पक्षलाई निर्देशन दिइन् । सोमबार नै सरोकारवाला निकायसँगको छलफलपछि प्रधानमन्त्री कार्कीले कर्मचारीहरूलाई १४ बुँदे निर्देशनसमेत दिएकी थिइन् । त्यसक्रममा उनले सुरक्षा अंग र कर्मचारीहरूलाई स्थायी सरकार भएकाले बढी नै जिम्मेवार बन्न आग्रह गरेकी थिइन् ।



‘सरकार पूर्ण रूपमा निर्वाचनमा होमिएको छ । मैले सबैसँग संवाद र परामर्श गरेकी छु । यहाँहरूले पनि त्यसको वातावरण बनाउनुहोस् । सरकार अब कुनै पनि हालतमा पछि हट्दैन ।’

‘सरकार पूर्ण रूपमा निर्वाचनमा होमिएको छ । मैले सबैसँग संवाद र परामर्श गरेकी छु । यहाँहरूले पनि त्यसको वातावरण बनाउनुहोस् । सरकार अब कुनै पनि हालतमा पछि हट्दैन,’ कार्कीले सोमबार मूख्यसचिवसहितको बैठकमा भनेकी थिइन् । निर्वाचनको वातावरण बनाउन आफूले निर्वाचन आयोग, सुरक्षा निकाय, राजनीतिक दल र अन्य सरोकारवालाहरूसँग निरन्तर संवाद गरिरहेको बताइन् । ‘निर्वाचनको पूर्वतयारीका लागि आ-आफ्ना जिम्मेवारीका कार्यहरूलाई चुस्तदुरुस्त रूपमा सम्पादन गर्नुहोस्,’ उनले भनिन् ।

प्रधानमन्त्री कार्कीले सुरक्षा अंग र निजामती कर्मचारीहरू स्थायी सरकार भएकाले निर्वाचनको वातारण बनाउन प्रमुख भूमिका हुने बताएकी छन् । ‘स्थायी सरकारले निर्वाचनको वातावरण बनाउनुपर्छ,’ उनले भनिन् । प्रधानमन्त्री कार्कीले निर्वाचनअघि नै जेनजी आन्दोलनका क्रममा क्षतिग्रस्त संरचनाको क्षति तथा नोक्सानीको प्रतिवेदन तत्काल तयार गरी पुनर्निर्माणको नीति र कार्ययोजना बनाउन कर्मचारीलाई निर्देशन दिएकी थिइन् ।

भौतिक संरचना, मेसिनरी औजार तथा उपकरणमा पुगेको क्षतिबाट सेवा प्रवाह अवरुद्ध हुन नदिन तत्काल खरिद वा वैकल्पिक सेवा प्रवाहको व्यवस्था गर्न उनले निर्देशन दिएकी छन् । ‘तपाईंहरू स्थायी सरकार हुनुहुन्छ । आफ्नो ज्ञान, सिप र अनुभवको प्रयोग गरी कर्तव्य र उत्तरदायित्व पालनामा खरो उत्रनुहुनेछ र नयाँ पुस्ताले सुम्पेको समृद्धि, विकास, सुशासन, समानता र भ्रष्टाचारविहीन शासकीय प्रबन्धको ग्यारेन्टी गर्ने जिम्मेवारी पूरा गर्नुहुनेछ भन्ने विश्वास लिएकी छु,’ उनले भनेकी थिइन् ।

निजी क्षेत्रको मनोबल वृद्धि गरी औद्योगिक वातावरणमा सुधार गर्न संवाद, सहजीकरण र सहकार्य आवश्यक रहेको बताउँदै उनले नागरिकमा सरकारप्रतिको भरोसा वृद्धि गर्ने एवं निजामती कर्मचारी र सुरक्षाकर्मीहरूमा मनोबल वृद्धि गर्ने उपायहरू अवलम्बन गर्न निर्देशन दिइन् । जेनजी आन्दोलनको मर्म र भावनाबमोजिम भ्रष्टाचार नियन्त्रण, सुशासन र प्रभावकारी सेवा प्रवाहका उल्लेख्य सुधार भएको सबै नागरिकले प्रत्यक्ष अनुभूति गर्ने गरी मन्त्रालयहरूले ब्लुप्रिन्ट तयार गरी कार्यान्वयन गर्न उनको आग्रह थियो । सबै मन्त्री र प्रदेशका मुख्यमन्त्रीहरूको उपस्थितिमा कूटनीतिक मामिलासम्बन्धी छलफल आयोजना आवश्यक रहेको बताउँदै प्रधानमन्त्री कार्कीले सोहीअनुसारको व्यवस्थापन गर्न कर्मचारीहरूलाई निर्देशन दिइन् ।

भदौ २३ र २४ गतेको आन्दोलनको मर्म र भावनाबमोजिम भ्रष्टाचार नियन्त्रण सुशासन र प्रभावकारी सेवा प्रवाहका उल्लेख्य सुधार भएको सबै नागरिकले प्रत्यक्ष अनुभूति गर्ने गरी सबै मन्त्रालयले ब्लुप्रिन्ट तयार गरी कार्यान्वयन गर्न निर्देशन दिँदै प्रधानमन्त्री कार्कीले सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न र सार्वजनिक कोषको प्रभावकारी एवं नतिजामूलक उपयोग गर्न अर्थ मन्त्रालयले जारी गरेको परिपत्रलाई कडाइका साथ पालना गर्न निर्देशन दिएकी छन् ।

त्यसैगरी निजी क्षेत्रको मनोबल वृद्धि गरी औद्योगिक वातावरणमा सुधार गर्न आवश्यक संवाद, सहजीकरण र सहकार्य गर्न, आम नागरिकमा सरकारप्रतिको भरोसा वृद्धि गर्ने एवं निजामती कर्मचारी र सुरक्षाकर्मीहरूमा मनोबल वृद्धि गर्ने उपायहरू अवलम्बन गर्न, कर्मचारीहरूको सरुवा-बढुवा प्रणालीलाई व्यवस्थित गरी अनुमानयोग्य, पारदर्शी र न्यायोचित बनाउने योजना बनाउन पनि निर्देशन दिएकी छन् । प्रधानमन्त्री कार्कीले नवनियुक्त मन्त्रीहरू र प्रदेशका मुख्यमन्त्रीहरूको उपस्थितिमा कूटनीतिक मामिलासम्बन्धी छलफल आयोजना गर्न पनि निर्देशन दिएकी छन् ।

# भेरी–बबई डाइभर्सन आयोजनाको अवस्था गोलमटोल

पृष्ठ १ बाट

भेरी-बबई डाइभर्सनमा सोचअनुसार काम नभएको सोही आयोजनाका सिनियर इन्जिनियर हरिबहादुर थापाले बताए । सिभिलतर्फको काममा ढिलासुस्ती भइरहेको उनले खुलाए ।

यसै साता कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले स्थलगत अनुगमनपछि आयोजना प्रगति निराशाजनक रहेको अभिव्यक्ति दिएका थिए । पश्चिम नेपालको सरकारको प्राथमिकतामा परेको उक्त आयोजना यतिबेला कर्णाली प्रदेश सरकारले समस्याग्रस्त बन्न नदिन संघीय सरकारको ध्यानाकर्षण गरेको छ । संघीय सरकारको बेवास्ताका कारण आयोजनाले लक्ष्य टेक्न असम्भव रहेको विषयमा कर्णाली प्रदेशका मुख्यमन्त्री कँडेलले गम्भीर आपत्ति जनाएका छन् ।

**बर्दिया र बाँकेका किसान निरुत्साहित**

भेरी नदीको पानी बबईमा खसालेर ५१ हजार हेक्टरमा सिँचाइ सुविधा पुऱ्याएर बर्दिया र बाँकेका किसानलाई लाभान्वित गर्ने उद्देश्य लिएर अघि बढिरहेको भेरी-बबई डाइभर्सनको लक्ष्य गतीहिन बनिरहँदा स्थानीय किसान चिन्तित छन् । १० वर्ष अघिदेखि सिँचाइको आशामा बसेका किसान बिलखबन्दमा परेका छन् । भेरीको पानी बबईमा खसाल्ने सरकारको महत्त्वकांक्षी योजना खेर गएको भन्दै उनीहरूले गुनासो गरेका छन् । विद्युत् विस्तारका नाममा सिँचाइबाट किसानको अधिकार वञ्चित गरिरहेको किसान रामबहादुर चौधरीको आरोप छ ।

**सिभिलतर्फको ठेक्कामा चौथो पटक म्याद थप्ने तयारी**

दोस्रो चरणमा सिभिल निर्माणतर्फ हेडवर्क्स, सर्ज साफ्ट र पावरहाउस निर्माणतर्फ चिनियाँ कम्पनी ग्वाङ्डङले नेपाली कम्पनी रमनलाई साझेदारीमा लिएर कार्यालयसँग सम्झौता गरेको थियो । ३४ प्रतिशत टेन्डर अंकबाट घटेर चिनियाँ कम्पनी ग्वाङ्डङले नेपाली कम्पनी रमनसँग साझेदारी गरेपछि आयोजना पूरा हुनेमा सरोकारवाला संशकित थिए । तर तेस्रो पटक म्याद थप्दा समेत काम पूरा हुने छाँट देखिएको छैन ।

अघिल्लो साता नागरिक संवाददाता भेरीगंगा ११ स्थित चिप्ले आयोजना स्थल पुगेको थियो । त्यतिबेला उक्त ठाउँ सुनसान थियो । उक्त आयोजना स्थलमा कर्मचारी र निर्माण कम्पनी प्रतिनिधि आउने नगरेको स्थानीयले बताएका थिए । बाँकी ६ महिनामा ५७ प्रतिशत प्रगति देखिएको सिभिलतर्फको काम अझै अपुरो रहने देखिएको छ । उक्त निर्माण कम्पनीलाई पुनः म्याद थप्नु विकल्प नहुनु दुःखद पक्ष हो । सिभिलतर्फको कामको जिम्मा पाएका चाइनिज कम्पनी ग्वाङ्डङ र रमन दुवैको यस क्षेत्रमा अनुभव नरहेको समेत पुष्टि भएको छ ।

**इरानी परामर्शदातालाई संरक्षण नगर्नु दुःखद**

सिभिलतर्फकोनिर्माणको कामलाई इरानी अनुभवी परामर्शदातालाई संरक्षण नगर्नु दुःखद भएको स्वयं कर्मचारीहरू स्विकार्छन् । भेरी गंगाको चिप्लेमा इरानी परामर्शदाता सहयोगमा बलियो र दिगो भौतीक संरचना निर्माणका लागि काम अघि बढेको थियो । परामर्शदातालाई कसैले संरक्षण नगरेका कारण समस्या उत्पन्न भइरहेको भेरी-बबई डाइभर्सन तत्कालीन कर्मचारी पवन अधिकारीले बताए । ‘इरानी परामर्शले १० करोडको काम गरेको थियो । त्यसले राम्रो गरेको थियो,’ उनले भने, ‘पुरस्कृत गर्नुपर्नेमा दण्डित भयो ।’ अहिले विद्युत् प्राधिकरण इन्जिनिरिङ परामर्शदाता छनोट भएको छ । परामर्शदाता र निर्माण कम्पनीको कम अनुभव र पहिलो काम भएका कारण सिभिलतर्फको काम अनिश्चित बन्दै गएको हो ।


**जग्गा अधिग्रहण अझै बाँकी**

आयोजना पूर्ण रूपमा काम गर्न अझै ६ हेक्टर कार्यालयले अधिग्रहण गर्न सकेको छैन । जग्गा मुआब्जाको विषय भेरी-बबई डाइभर्सनको पेचिलो बन्यो । २२ हेक्टर अधिग्रहण गर्नुपर्ने भए पनि १६ हेक्टर मात्र अधिग्रहण गरेको छ । अझै जग्गा अधिग्रहणका लागि मुआब्जा विवाद छँदै छ । बढी मुआब्जाका लागि धर्ना बस्ने र आयोजना स्थलमा रोकटोकमा स्थानीय उत्रिने गरेको कर्मचारी गुनासो गर्छन् । लामो समयपछि अधिग्रहण गरिए पनि अझै मुआब्जा विवाद कायमै छ ।



सुनसरीको इनरुवा नगरपालिका-९ मा आहाराको खोजीमा रहेको फाप्रे चरा (युरासियन हुपु) । तस्बिर : रासस

# चन्दा उठाएर ‘गाउँघर क्लिनिक’



गलकोट (बागलुङ), कात्तिक १७ (रासस)- चन्दा संकलन गरेर बागलुङ नगरपालिका-१४ नारायणस्थानको कैयामा हाम्रो स्वास्थ्य गाउँघर क्लिनिक स्थापना गरिएको छ । बागलुङ नगरपालिका, नारायणस्थान स्वास्थ्य चौकी फेयरमेड, नेपाल गाजा डेभलपमेन्ट फाउन्डेसन,सम्बोधन परियोजना, कैया टोल विकास संस्था, शिवा प्राथमिक विद्यालय र टोल विकास संस्था, व्यक्तिगत सहयोगका साथैस्थानीय समाजसेवीहरूको सहयोगमा क्लिनिक स्थापना भएको हो ।

शुक्रबारदेखि सञ्चालनमा आएको क्लिनिक एक लाख नौ हजार रुपैयाँको लागतमा स्थापना गरिएको वडाध्यक्ष चक्रबहादुर खत्रीले जानकारी दिए । औषधि र जनशक्ति भने बागलुङ नगरपालिकाले उपलब्ध गराउने उनले बताए । गाउँघर स्वास्थ्य क्लिनिक सञ्चालनका लागि नगरपालिकाको १५ हजार चार सय रुपैयाँ, नारायणस्थान स्वास्थ्य चौकीको २८ हजार दुई सय ३०, नेपाल गाजा डेभलपमेन्ट फाउन्डेसन सम्बोधन परियोजनाको २७ हजार चार सय ४५, टोल विकास संस्थाको १० हजार पाँच सय र टोल विकास संस्थाका अध्यक्ष होमनाथ ढकालको व्यक्तिगत १८ हजार सहयोग गरेका थिए ।

यसैगरी प्रगतिशील स्वास्थ्य आमा समूहको चार हजार दुई सय स्थानीय समाजसेवी गौरबहादुर पौडेल र उनकी धर्मपत्नी भद्रकला पौडेलको चार हजार पाँच सय, स्थानीय मनकुमारी थापाको एक हजार दुई सय, शिव प्राथमिक विद्यालयमा रहेको भवनको एक कोठाको सहयोग गरी एक लाख नौ हजार चार सय ७५ रुपैयाँ लागत साझेदारी कार्यक्रममार्फत क्लिनिकको सञ्चालनमा ल्याइएको हो । गाउँघर क्लिनिकलाई व्यवस्थित र नियमित रूपमा सञ्चालन गर्न संघसंस्थाबिच सम्झौतापत्रमा हस्ताक्षर गरिएको छ । बागलुङ नगरपालिका स्वास्थ्य शाखा प्रमुख रामप्रसाद खनालले कर्मचारीबाहेकका सबै व्यवस्थापकीय काम औषधि, उपकरण र आवश्यकताअनुसारका अन्य कुरामा नगरपालिकाले सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए ।

# लोकसेवामा जुम्ला सबैभन्दा अगाडि

पृष्ठ १ बाट

ती विज्ञापनबाट बढुवातर्फ (आन्तरिक प्रतिस्पर्धाबाहेक) एक हजार ५०, आन्तरिक प्रतियोगितातर्फ तीन सय ३२, खुला प्रतियोगितातर्फ नौ सय ५० तथा महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपांगता र पिछडिएको क्षेत्रका समावेशी प्रतियोगितातर्फ जम्मा आठ सय ४९ गरी कुल तीन हजार एक सय ८१ पदका लागि दरखास्त माग गरिएको थियो ।

प्रतिवेदन अवधिमा प्रकाशित आन्तरिक, खुला तथा समावेशी समूहका विज्ञापनका लागि आयोगको अनलाइन दरखास्त प्रणालीमा कुल चार लाख ५९ हजार आठ सय ३४ दरखास्त प्राप्त भएका छन् । विगत वर्षहरूमा जस्तै आर्थिक वर्ष २०८१/८२ मा पनि नेपालका सबै जिल्लाबाट दरखास्त परेका छन् । आयोगका अनुसार सबैभन्दा बढी दरखास्त पर्ने पाँच जिल्ला क्रमशः सर्लाही, धनुषा, बारा, महोत्तरी र रौतहट छन् । सबैभन्दा बढी दरखास्त पर्ने जिल्ला सर्लाही भए पनि उत्तीर्ण गर्ने जिल्ला जुम्ला भएको हो । आयोगका अनुसार ती पाँच जिल्ला सर्लाही, धनुषा, बारा, महोत्तरी र रौतहटबाट कुल ८० हजार १ सय ६८ (१७.४३ प्रतिशत) दरखास्त परेका छन् ।

त्यस्तै सबैभन्दा न्यून दरखास्त पर्ने पाँच जिल्लामा क्रमशः मनाङ, मुस्ताङ, रसुवा, रुकुम पुर्व र डोल्पा छन् । यी जिल्लाबाट कुल दुई हजार एक सय ८२ (०.४७ प्रतिशत) मात्र दरखास्त परेका छन् । यस वर्ष दरखास्त दिने उम्मेदवारहरूको औसत उमेर २८ वर्ष छ । प्रतिवेदनअनुसार आयोगबाट प्रकाशित निजामती सेवातर्फका तीन हजार एक सय ८१ विज्ञापनमध्ये विभिन्न ४४ वटा विज्ञापनमा कुनै पनि दरखास्त परेनन् ।


## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८२/०७/१८ गतेको नागरिक राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय महाराजगंज, काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति** — **२०८२/०८/०२ गते/स्थान : शाखा कार्यालय महाराजगंज, काठमाडौं**

**बोलपत्र खोलिने मिति/समय** — **२०८२/०८/०४ गते, बिहीबार दिनको ३ बजे**

| क्र.सं. | ऋणीको नाम, ठेगाना | |
|---|---|---|
| १. | **नाम : शुक्ला गन्डकी कृषी फर्म**<br>घरेलु तथा साना उद्योग कार्यालय<br>दर्ता नं. १०९०, दर्ता मिति : २०७७/०८/२१, पान नं. ६१४४२९७७०, दर्ता मिति : २०७७/०८/२३<br>ठेगाना : काठमाडौं, जिल्ला, टोखा वडा नं. ३, **प्रोप्राईटर : सन्देश पौडेल** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : सन्देश पौडेल**<br>ना.प्र.नं. ४३-०१-७४-१०९२३, जि.प्र.का. तनहुँ<br>जारी मिति : २०७४/१२/२७<br>बावुको नाम : पुर्णचन्द्र पौडेल<br>बाजेको नाम : तिलकराम पौडेल<br>ठेगाना : तनहुँ जिल्ला, सुक्लागन्डकी वडा नं. १० | **२. नाम : पुर्णचन्द्र पौडेल**<br>ना.प्र.नं. २०२, जि.प्र.का. तनहुँ<br>जारी मिति : २०४३/०४/२६<br>बाबुको नाम : तिलकराम पौडेल<br>बाजेको नाम : नन्द केशर पौडेल<br>ठेगाना : तनहुँ जिल्ला, सुक्लागन्डकी वडा नं. १० |
| | **३. नाम : चन्द्रकला पौडेल**<br>ना.प्र.नं. ८६३४९, जि.प्र.का. तनहुँ<br>जारी मिति : २०६२/०९/११<br>पतिको नाम : पुर्णचन्द्र पौडेल<br>ससुराको नाम : तिलकराम पौडेल<br>ठेगाना : तनहुँ जिल्ला, ढोरफीर्दी वडा नं. ४ | **४. नाम : कबिता पौडेल**<br>ना.प्र.नं. ४३१०३९/५४४, जि.प्र.का. तनहुँ<br>जारी मिति : २०६८/०३/१४<br>बावुको नाम : पुर्णचन्द्र पौडेल<br>बाजेको नाम : तिलकराम पौडेल<br>ठेगाना : तनहुँ जिल्ला, ढोरफीर्दी वडा नं. ४ |
| | **धितोको विवरण** | |
| | पुर्णचन्द्र पौडेलको नाममा मालपोत कार्यालय जस्पुर, प्यूठानमा दर्ता श्रेस्ता कायम रहेको प्यूठान जिल्ला, ढुंगेगढी गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. ५२९ र ५३१ को क्षेत्रफल क्रमशः १६३० र २४४० ब.मी. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : महाराजगंज, काठमाडौं, फोन नं. ०१-४०१७५०७
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## गैर बैंकिङ्ग सम्पत्ति बिक्री गर्नका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मिति: २०८२/०७/१८**

यस बैंकको नाममा गैर बैंकिङ्ग सम्पत्तिका रुपमा दर्ता रहेको तपसिल बमोजिमका सम्पत्तिहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत् बिक्री गरिन लागिएको हुँदा इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्र यस बैंकको शाखा कार्यालय औरही, महोत्तरीमा शिलबन्दी बोलपत्र पेश गर्नहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । उक्त बोलपत्र यो सूचना प्रकाशित भएको सोह्र (१६) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय औरही, महोत्तरी मा दिनको ४:०० बजे खोलिनेछ । बोलपत्र बुझाउने अन्तिम दिन वा खोल्ने दिन बिदा पर्न गएमा वा काबुभन्दा बाहिरको परिस्थिति परेमा सोको भोलि पल्ट वा बैंक खुलेको दिनलाई सम्झनु पर्नेछ ।

**बैंकको नाममा रहेको गैर बैंकिङ्ग सम्पत्तिहरुको विवरण :**

१. महोत्तरी जिल्ला, औरही गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ५/५ स्थित कि.नं. ४९६ र ४९४ को क्षे.फ. क्रमश ०-०-९.२५ (विगहा) र ०-०-१.५ (विगहा), ए जिल्ला, ए गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ५/५ स्थित कि.नं. ४०३ र ४०४ को क्षे.फ. क्रमश ०-०-८.७५ (विगहा) र ०-०-८.७५ (विगहा) र ए जिल्ला, ए गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ५/५ स्थित कि.नं. ५७६ को क्षे.फ. ०-३-० (विगहा) भएको जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।

२. महोत्तरी जिल्ला, २५ नं.बहादुर गंज गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ३/३ख स्थित कि.नं. ४७८४, ४७८९ र ४७८६ को क्षे.फ. क्रमश ०-०-४.७५ (विगहा), ०-०-२.२५ (विगहा) र ०-०-३ (विगहा) र ए जिल्ला, निगौल गा.वि.स./न.पा. वडा नं./ नक्सा सिट ७/७क स्थित कि.नं. ४१३ को क्षे.फ. ०-६-४ (विगहा) भएको जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत ।

**शिलबन्दी सम्बन्धि शर्त बन्देजहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफुले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. प्राप्त गोप्य शिलबन्दी पेश गर्नेहरुमध्ये सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्ति/संस्था लाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. गोप्य शिलबन्दी मार्फत गैर बैंकिङ्ग सम्पत्ति सकार गर्ने व्यक्ति/संस्था ले बाँकी रकम बैंकले रकम भुक्तानी गर्न माग गरेको मितिले ७ दिन भित्र सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. गैर बैंकिङ्ग सम्पत्तिका रुपमा रहेको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. गोप्य शिलबन्दी खोल्न तोकिएको दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी खोलिनेछ ।
६. उक्त गैर बैंकिङ्ग सम्पत्तिहरु दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
७. बिक्री हुने गैर बैंकिङ्ग सम्पत्तिहरुसँग सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को प्रधान कार्यालय, नारायणहिटी पथ, दरवारमार्ग काठमाडौं वा कुनैपनि शाखा कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**गोप्य शिलबन्दी खोल्ने मिति : २०८२/०८/०३ गते, बुधबार ।**
**समय : दिउँसो ४:०० बजे ।**
**स्थान : सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय औरही, महोत्तरी ।**

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR 2024 NEPAL


# मध्यमार्गी प्रस्तावमा उद्योगी सशंकित

पृष्ठ १ बाट

प्राधिकरणले ताकेता गर्दा पनि उद्योगीले महसुल तिर्न अटेर गरेको भन्दै गत साता लाइन काट्यो । प्राधिकरणका अनुसार २५ निजी उद्योगको करिब साढे पाँच अर्ब बक्यौता तिर्न बाँकी छ । प्राधिकरणलाई महसुल तिर्न ३१ उद्योग बाँकी छ । तीमध्ये ६ वटा अदालतमा अन्तरिम आदेश लिएर बसेका छन् । ३१ उद्योगको भने करिब साढे ६ अर्ब बक्यौता रहेको प्राधिकरणको दाबी छ ।

विद्युत् महसुल विवाद नेपाल विद्युत् प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक घिसिङसँगको प्रतिष्ठासँग पनि जोडिएको छ । घिसिङले महसुल उठाउने अडान लिएकै कारण केपी ओली नेतृत्वको तत्कालीन सरकारले उनलाई पदबाट हटाएको थियो । उनै घिसिङ अहिले ऊर्जामन्त्री बनेकाले महसुल उठाउने विषय झन् पेचिलो बनेको हो । उद्योगीले टाइम अफ द डे (टिओडी) मिटरका आधारमा विद्युत् उपभोग गरेका आधारमा महसुल तिर्न तयार रहेको बताउँदै आएका छन् । तर प्राधिकरणले टिओडी मिटर दिएको छैन । डेडिकेटेड र ट्रंक लाइनबाट विद्युत् उपभोग गर्न पाऊँ भनी निवेदन नै नदिएका उद्योगलाई प्रिमियम महसुलको बिल पठाइएकाले तिर्न नसक्ने उद्योगीको अडान छ ।

**चार उद्योगमा लाइन जोडियो**

डेडिकेटेड तथा ट्रंक लाइन विवादमा लाइन काटिएका चार उद्योगमा लाइन जोडिएको छ । रूपन्देहीको भैरहवा क्षेत्रमा सञ्चालित पञ्चकन्या प्लास्टिक उद्योग, पञ्चकन्या स्टिल इन्डस्ट्रिज, सिद्धार्थ पेटप्लान्ट र श्याम प्लास्टिकमा सोमबार लाइन जोडिएको हो । पञ्चकन्याले पुनरवलोकनमा गएर कानुनी उपचार खोज्ने सर्तसहित रकम तिरेको जनाएको छ ।

# मुसहर बस्तीमा ‘सिल’, विद्यालय बन्द

पृष्ठ १ बाट

बुचनको आठ जनाको परिवार पन्जाबको मजदुरीमा टिकेको थियो । पन्जाबमा बुचन मजदुरी गरेर पठाएको आम्दानीबाट वृद्ध बुवा, पत्नी र पाँच सन्तानको गुजारा चलेको थियो ।

झाडापखालाबाट कात्तिक ६ गते बुचन सदाका एक वर्षीय छोरा सञ्जीव, ११ गते उनका बुवा ६८ वर्षीय लक्ष्मण र १४ गते चार वर्षीया छोरी राघिनीको मृत्यु भएको थियो । त्यसपछि यस बस्तीमा झाडापखालाको जानकारी बाहिरिएको थियो । यस बस्तीको मुख्य समस्या गरिबी त हो नै, त्योभन्दा पनि सरसफाइ रहेको अध्यक्ष चौधरी बताउँछन् । समयसमयमा सरसफाइका लागि सचेतना कार्याक्रम गरेर कसरी सफा बस्ने भन्ने विषयमा जानकारी गराउँदा पनि सरसफाइलाई यो समुदायले प्राथमिकता नदिँदा पनि समस्या आउने गरेको उनले बताए । ‘अहिले पनि हामीले नेल कटर, साबुन, स्यानिटाइजरलगायत स्वास्थ्य सामग्री वितरण गरेका छौं, प्रयोग गर्न सिकाएका छौं तर उनीहरू यो विषयलाई वास्ता गर्दैनन्,’ उनले भने ।

# डोल्मा फन्ड आयकर छुट प्रस्ताव मन्त्रीपरिषद्मा

काठमाडौं, कात्तिक १७ (नागरिक)- नेपालको एक मात्र अन्तर्राष्ट्रिय प्राइभेट इक्विटी फन्ड डोल्मा इम्प्याक्ट फन्डले ६ वटा कम्पनीका लागि मागेको आयकर छुटको प्रस्ताव मन्त्रीपरिषद्मा पुगेको छ। विदेशी लगानी रहेको कम्पनीलाई आयकर छुट दिन आन्तरिक राजस्व कार्यालयले नमानेपछि प्रस्ताव मन्त्रीपरिषद्मा पुगेको हो।

मन्त्रीपरिषद्मा पुग्नुअघि अर्थ मन्त्रालयले गत असोजमा महान्यायाधिवक्ताको कार्यालयमा राय मागेको थियो। महान्यायाधिवक्ताको कार्यालयले अधिकारप्राप्त नायब महान्यायाधिवक्ताले आयकर छुट दिन नमिल्ने राय दिएको थियो, तर सो प्रस्ताव कसरी मन्त्रीपरिषद्मा पुग्यो भन्नेबारेमा बैठकमै खुल्दुली भएको थियो।

डोल्मा इम्प्याक्ट फन्डले नेपालमा सेयर लगानी भएका कम्पनीहरूको हकमा आयकर छुट मागेर निवेदन दिएको थियो, जसअनुसार सस्तो डिल प्रालि, श्वेतगंगा हाइड्रोपावर एन्ड कन्स्ट्रक्सन, मकर जितुमाया सुरी हाइड्रोपावर, सोलार फार्म, रोडोडेल्ड्रोन बायोटेक प्रालि र निदान अस्पताल छन्।

नायब महान्यायाधिवक्ताले पठाएको रायमा डोल्मा इम्प्याक्ट फन्डलाई पुँजीगत लाभकर लाग्ने उल्लेख छ। 'आयकर ऐनको दफा ७३ मा उल्लेख लिमिटेसन अन बेनिफिट्सको सिद्धान्तअनुसार ५० प्रतिशतभन्दा बढी सेयर हिस्सा वा स्वामित्व भएको संविदाकारी राष्ट्रको कम्पनीले मात्र दोहोरो कर मुक्तिको सुविधा पाउने देखिन्छ', रायमा उल्लेख गरिएको छ। स्रोतका अनुसार यी कम्पनीमा विदेशी लगानी ५० प्रतिशतभन्दा निकै कम रहेका कारण दिन नमिल्ने उल्लेख गरिएको हो।

डोल्मा इम्प्याक्ट फन्डले नेपालमा अन्तर्राष्ट्रिय प्राइभेट इक्विटी लगानी गर्दै आएको छ। नेपालमा एफडिआई भित्र्याउन डोल्मा ग्रुपले भूमिका खेलेको छ। डोल्मा ग्रुपअन्तर्गत डोल्मा इम्प्याक्ट फन्ड, डोल्मा हिमालयन इनर्जी, डोल्मा कन्सल्टिङ तथा डोल्मा फाउन्डेसन रहेका छन्। आयकर ऐनमा दोहोरो अर्थ लाग्ने भएकाले विवादमा परिने डरले अर्थका अधिकारी आयकर छुट दिन डराएका हुन्। यो मौरिससमा दर्ता भएको कम्पनी हो।

डबल ट्याक्स एग्रिमेन्टमा छुट दिनुपर्ने व्यवस्था भए पनि नेपालको आयकर ऐनमा स्पष्ट व्यवस्था नभएको अर्थका एक अधिकारीले बताए। डोल्मा फन्ड राजस्व न्यायाधिकरण जान सक्ने अवस्था भए पनि त्यहाँ नगएर मन्त्रीपरिषद्बाट निर्णय गराउन लबिङ गरेको अर्थका एक अधिकारीले बताए। 'राजस्व न्यायाधिकरणमा जाँदा मुद्दा हार्ने डरले क्याबिनेटबाट निर्णय गराउन खोजिएको देखिन्छ', ती अधिकारीले भने।


## सिटि होटल लिमिटेड
## City Hotel Limited

छिन्नलता चोक, सोल्टीमोड, काठमाण्डौं, नेपाल, पो.व.नं. ८८०१, काठमाण्डौं।

### घर भाडामा दिने सम्बन्धी १५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२।०७।१८

सिटी होटल लिमिटेड (हायात सेन्ट्रिक)को स्वामित्वमा रहेको का.म.न.पा.वडा नं १३, को रेडक्रस मार्ग, छिन्नलताचोक स्थित दोश्रो भवन (टावरको) तेश्रो (करिब ३,९६७ वर्गफिट) र चौथो तल्ला (करिव ३,९६७ वर्गफिट) क्षेत्रफल भएको दुईवटै तल्लामा अफिसको फर्निचर समेत प्रति वर्गफिट/प्रति महिना रु.१००।- का दरले (अक्षरेपी सय रुपैया मात्र) नघटाई व्यावसायिक कार्यालय प्रयोजनका लागि (कम्तिमा ५ वर्ष अबधी) भाडामा लिन इच्छुक कम्पनी, फर्म तथा संस्थाहरुले आवश्यक विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कम्पनीको कार्यालय आइपुग्ने गरी आफूले लिन चाहेको तल्लाको मासिक बहाल दर रेट खुलाई रितपूर्वकको निवेदन पेश गर्न यो सूचना प्रकाशित गरेको छ।

**घर भाडा सम्बन्धी मुख्य शर्तहरु:**

१. घर भाडामा लिने प्रयोजन, भाडामा लिन चाहेको भाडा दर प्रतिवर्ग फिट प्रति महिना अंक र अक्षरमा खुलाई जुन तल्ला लिन चाहेको सो खुलाई भौतिक वा विद्युतीय माध्यमबाट पेश गर्नुपर्ने छ।
२. साझा क्षेत्रको सर-सफाईको तथा बाथरुममा प्रयोग हुने पानीको व्यवस्थाको लागि प्रतिवर्ग फिट रु. १०।- छुट्टै रकम बुझाउनु पर्नेछ।
३. बिजुली उपयोगमा सवामिटर राखि कम्पनीले तोकेको दरमा बिद्युत् सुविधा उपलब्ध गराइने छ।
४. सिटि होटल लिमिटेडले उपलब्ध गराएको जेनेरेटरको बिजुलीको महसुल सो को लागतको आधारमा त्यसको प्रति युनिट दर पछि तय गरिने छ।
५. होटल परिसर बाहिरको तोकिएको पार्किङ क्षेत्र उपलब्ध गराइनेछ।
६. भाडामा बस्नेले आफनो सम्पती र सरसामानको बीमा आफै गर्नुपर्नेछ।
७. प्रत्येक बर्ष ५ प्रतिशतका दरले घर भाडा रकममा बृद्धि हुने छ।
८. कारण खुलाई वा नखुलाइ घर भाडामा दिने /नदिने अधिकार सिटि होटल लिमिटेडसंग सुरक्षित रहनेछ।
९. भाडामा लिनेले तीन महिनाको भाडा बरावरको रकम सम्झौता गर्दा Security Deposit/Bond बुझाउनु पर्नेछ।
१०. घर भाडामा लिन दरखास्त दिदा पेश गर्नुपर्ने कागजातहरु :
    क. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि।
    ख. संस्थाको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
    ग. सञ्चालक समितिको भाडामा लिन सम्बन्धी निर्णय र अख्तियारीको प्रतिलिपि।
    घ. कम्पनी, फर्म वा सस्थाको भ्याट (VAT) वा स्थायी लेखा नंम्बर (PAN) को प्रमाणपत्रको प्रतिलिपि।

यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र यस कम्पनीको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

*थप जानकारीको लागि :*

**फोन नं. ५६७१२००/५६७१२०१/५९१२८१२/३/४ फ्याक्स नं. ५३८१२३५**
**वेबसाइट : www.cityhotel.com.np, ईमेल : cs@cityhotel.com.np**



## छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड

**केन्द्रीय कार्यालय, मध्य वानेश्वर काठमाण्डौ। फोन नं. ०१-४५९५५१३**

CHHIMEK

### कर्मचारी आवश्यकता

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/०७/१८)**

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको यस छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेडको लागि देहाय बमोजिमको पदमा खुला प्रतियोगिताबाट कर्मचारी भर्ना गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका नेपाली नागरिकहरुबाट मिति २०८२/०८/१० गते भित्र यस वित्तीय संस्थाको तल उल्लेखित ठेगानामा आइपुग्ने गरि दरखास्त आव्हान गरिएको छ। दरखास्त फारामका साथ दरखास्तवालाको वायोडाटा, पासपोर्ट साइजको ३ प्रति फोटो, शैक्षिक योग्यता, नागरिकता, तालिम तथा अनुभवहरुको प्रमाणपत्रको प्रतिलिपीका साथ सम्पर्क फोन नं. उल्लेख गरि पेश गर्नुपर्नेछ। छनौट सूची (सर्ट लिष्टीङ्ग) मा परेका आवेदकहरुलाई मात्र लिखित तथा अन्तर्वाता परीक्षामा समावेश गरिने छ। प्राप्त दरखास्तहरु कारण खोलि वा नखोलि स्वीकृत/अस्वीकृत गर्ने वा विज्ञापन रद्द गर्ने सम्मको अधिकार यस वित्तीय संस्थाको पदपूर्ति समितिमा सुरक्षित रहनेछ।

**तपशिल :**

| क.सं. | विज्ञापन नं. | पद | श्रेणी/तह | संख्या | आवश्यक न्युनतम योग्यता | अन्य |
|---|---|---|---|---|---|---|
| १ | ०१/०८२/८३ | कनिष्ठ अधिकृत | अधिकृत सातौं तह | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा स्नातक तह उतिर्ण गरि चार्टड एकाउण्टेन्सी कोर्षको CAP-II / IPCC Level (Semi Qualified CA) उतिर्ण भएको। | बैंक तथा वित्तीय संस्था वा कुनै संगठित संस्थामा कार्य गरेको अनुभव भएकालाई विशेष ग्राह्यता दिइनेछ। |

**अन्य आवश्यक कुराहरु :**

**(क) उमेर :** २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको। महिला उम्मेदवारको हकमा अधिकतम उमेरमा ५ वर्ष थप हुनेछ। **(ख) छनौट प्रक्रिया :** लिखित वा अन्तर्वार्ता वा दुबै। **(ग) दरखास्त फाराम पाउने तथा बुझाउने स्थान :** # आवेदन फाराम यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय वा यस वित्तीय संस्थाको वेवसाइट www.chhimekbank.org बाट Download गरि प्राप्त गर्न सकिनेछ। # परीक्षा दस्तुर बापतको रकम बैंकमा जम्मा गरेको भौचर (Connect IPS मार्फत जम्मा गरेको भए Payment Transaction Details) लगायत अन्य आवश्यक सम्पूर्ण कागजातको स्क्यान कपि संलग्न गरि तोकिएको समय भित्र यस वित्तीय संस्थाको वेवसाइट www.chhimekbank.org/career मार्फत अनलाईन आवेदन दिनु पर्नेछ वा आवश्यक सम्पूर्ण कागजात सहित पूर्णरुपमा भरेको दरखास्त फाराम यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय मध्यवानेश्वर काठमाण्डौमा समेत बुझाउन सकिनेछ। **(घ) सेवा सुविधा :** वित्तीय संस्थाको नियमानुसार। **(ङ) दरखास्त दिन पाउने अन्तिम मिति :** २०८२/०८/१० गते कार्यालय समय भित्र। **(च) परीक्षा दस्तुर :** रु.५००।- (अक्षरेपी पाँच सय रुपैयाँ मात्र।) **(छ) परीक्षा दस्तुर जम्मा गर्ने बैंक तथा खाता नं. : # खातावालाको नाम :** छिमेक लघुवित्त वित्तीय संस्था लि. **# खाता नं. :** ०७८००७६५७६७०००३१ **# खाता रहेको बैंक :** प्रभु बैंक लि., नयाँ बानेश्वर शाखा **(ज) परीक्षाको मिति, समय र स्थान :** वित्तीय संस्थाको वेवसाइट www.chhimekbank.org बाट जानकारी दिईनेछ। **(झ) नियुक्ति प्रक्रिया :** परीक्षामा उतिर्ण भएका उम्मेदवारहरुलाई वित्तीय संस्थाको नियमानुसार ६ महिना अवधिको लागि परीक्षणकालको नियुक्ति दिईनेछ। काम सन्तोषजनक भएमा त्यस पश्चात स्थायी नियुक्ति दिईनेछ। **(ञ) अन्य जानकारी :** # विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ। # छनौट सूची (सर्ट लिष्टीङ्ग) मा परेका आवेदकहरुको जानकारी यस वित्तीय संस्थाको वेवसाइट www.chhimekbank.org मार्फत दिईनेछ। रितपुर्वक प्राप्त नभएका दरखास्तहरु स्वतः रद्द हुनेछन्। # कर्मचारी भर्ना प्रक्रिया अवधिमा यस तहमा थप दरबन्दी रिक्त हुन आएमा सो दरबन्दी संख्यालाई समेत आवश्यक संख्यामा थप गर्न सकिनेछ।



standard chartered

### स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको धितोमा रहेको घर/जग्गा लिलाम बिक्री तथा गोप्य शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

**(प्रकाशित मिति , २०८२/०७/१८, नागरिक)**

तपसिलमा उल्लिखित ऋणीहरुले यस बैंकबाट प्राप्त गर्नुभएको व्यावसायिक कर्जा सम्बन्धी शर्तबन्देजहरू अनुसार यस बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याज आदि रकम तिर्न बुझाउन पटक पटक मौखिक तथा लिखित तरताकेता गर्नुका साथै सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आवश्यक रकम नतिरी नबुझाई बैंकसँग मञ्जुर गर्नु भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेको हुँदा उक्त ऋणकर्जाको सुरक्षण वापत बैंकको नाउँमा घरजग्गा धनीले धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित घर/जग्गा जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा, बैंक तथा वित्तीय सम्बन्धी ऐन, २०७३, प्रचलित कानून तथा बैंकको नियमानुसार लिलाम बिक्री गरिने भएको हुँदा सबैको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्रको आह्वान गरिएको छ।

अतः धितोमा रहेको उक्त सम्पत्ति सकार गरी लिन ईच्छुक व्यक्ति /फर्म /कम्पनी वा अन्य संगठित सघं सस्थांले यस बैंकको नयाँ बानेश्वर, काठमाडौं स्थित केन्द्रिय कार्यालय ऋण असुली विभाग तथा आदर्शनगर, वीरगंज, पर्सा, स्थित शाखा कार्यालयहरूमा प्राप्त हुने गोप्य शिलबन्दी बोलपत्र फारम रीतपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सोही विभागमा बुझाउन सक्नु हुनेछ। गोप्य शिलबन्दी बोलपत्र सम्बन्धी अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख गरिएको छ। उक्त बोलपत्र यो सूचना प्रकाशित भएको १६(सोह्र) औं दिनमा खोलिने छ। (बोलपत्र बुझाउने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट वा बैंक खुलेको दिनलाई सम्झनु पर्नेछ।) बोलपत्र पेश गर्नुहुने ईच्छुक व्यक्ति /फर्म /कम्पनी तथा ऋणी, धितो जमानीकर्ता तथा व्यक्तिगत जमानतकर्ताहरूलाई समेत उक्त दिन बैंकमा उपस्थित हुन समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिलमा उल्लिखित घर/जग्गा लिलाम बिक्री हुन नसकेमा अन्य प्रक्रियाबाट बिक्री गर्न सक्ने वा सो धितो बैंक अन्य जुनसुकै व्यवस्था गरी बिक्री गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। साथै लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय सस्थां सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी ऐन, २०५८, तथा सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो जमानीकर्ता तथा व्यक्तिगत जमानतकर्ताहरू तथा सम्बन्धित सबैलाई यसै सूचना मार्फत जानकारी गराईन्छ। ऋणी तथा सम्बद्ध व्यक्ति समेतले यो सूचनाको अवधि भित्रमा नै सम्पूर्ण ऋण कर्जा, ब्याज, जरिवाना तथा हर्जाना रकम समेत चुक्ता गरेमा लिलाम बिक्री सम्बन्धी प्रक्रिया तत्कालै रद्द गर्न सकिने जानकारी गराईन्छ।

**तपसिल**

| सि.नं. | ऋणी/संचालक/धितो जमानीकर्ता/व्यक्तिगत जमानतकर्ता को नाम, थर र वतन | धितोको विवरण |
|---|---|---|
| १. | **ऋणीः** नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य विभागमा प्रा.फ.र.नं. ३१३२/०७०/७१ कायम भै २०७१/०१/२६ मा दर्ता भएको बारा जिल्ला, प्रसौनी वडा नं. ०५, स्थित कम्पनीको रजिष्टर्ड कार्यालय ठेगाना रहेको **श्री विवेक गल्ला भण्डार**<br>**प्रोप्राइटर/धितो जमानीकर्ता/व्यक्तिगत जमानतकर्ताः** श्री मोती साह कलवारको नाती, श्री देव नरायण साह कलवारको छोरा, बारा जिल्ला प्रसौनी वडा नं. ५ स्थायी ठेगाना भै हाल ऐ.ऐ बस्ने वर्ष ५४ को **श्री इश्वर कुमार कलवार** (ना.प्र.नं. २६८१/१२०६, जारी मितिः २०४५/०१/०७, जि.प्र.का. बारा) | (तलको तालिका हेर्नुहोस्) |

| सि.नं. | जग्गाधनीको नाम | जिल्ला/गा.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (रो-आ-पै-दा)/ वर्ग.मि |
|---|---|---|---|---|---|
| १. | **श्री ईश्वर कुमार कलवार** | बारा/भलुही भर्वलिया | ०७ | १३७६ | ०-०-१७-० /२८७.८१ व.मि. |
| २. | **श्री ईश्वर कुमार कलवार** | बारा/भलुही भर्वलिया | ०७ | १३७८ | ०-०-८-० /१३५.४४ व.मि. |

घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

माथि उल्लेखित धितोमा रहेको सम्पत्ति सकार गरी लिन ईच्छुक महानुभावहरूले सबै या कुनै एक सम्पत्तिमा मात्र पनि बोलपत्र फारम पेश गर्न सक्नुहुनेछ।

**लिलाम बिक्री सम्बन्धी शर्तहरूः**

१. बोलपत्र आह्वान तथा लिलाम बिक्रीको सूचना प्रकाशित भएको १६(सोह्र) औं दिन अर्थात मिति २०८२/०८/०३ गते बुधबारका दिन दिनको ठीक ०३:०० बजे बैंकको आर्दशनगर, विरगंज, पर्सा स्थित शाखा कार्यालयमा खोलिने छ।
२. बैंकलाई प्राप्त भएका गोप्य शिलबन्दी बोलपत्रहरू बोलपत्रदाता र/वा निजको प्रतिनिधि, सरकारी निकायका प्रतिनिधिहरू र अन्य उपस्थित साक्षीहरूको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि वा साक्षीहरू अनुपस्थित हुदैँमा बोलपत्र खोल्न कुनै बाधा पुग्नेछैन।
३. बैंकलाई प्राप्त हुने गोप्य शिलबन्दी बोलपत्रहरूमा उल्लिखित सबै वा कुनै धितो बैंकले पूर्ण वा आंशिक रूपमा समेत स्वीकार गर्न सक्नेछ, र बोलपत्र सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
४. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम प्रक्रिया रोक्का वा बदर हुनेछ। बोलपत्र सदर भएपश्चात ऋणीले सम्पूर्ण रकम बुझाएको अवस्थामा समेत कुनै कारणवश बोलपत्र रद्द गर्नुपर्ने भएमा बोलपत्र रद्द गरी सम्पूर्ण रकम फिर्ता गर्न सकिनेछ।
५. अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ।



## गजुरी गाउँपालिका
## गजुरी गाउँ कार्यपालिकाको कार्यालय

गजुरी, धादिङ

### आ.व. २०८२/०८३ को लागि नदीजन्य पदार्थको उत्खनन तथा बिक्री करका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०७/१८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) र यस गजुरी गाउँपालिकाको आर्थिक ऐन, २०८२ को दफा ८ को व्यवस्था बमोजिम गजुरी गाउँपालिका क्षेत्रको मलेखु, बेल्खु, त्रिशुली र दरियाल खोलाहरुको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम उत्खनन हुने नदीजन्य पदार्थ गजुरी गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरूले तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं | बोलपत्र नं. | बोलपत्रको नाम | आ.व. २०८२/०८३ का लागि कायम वार्षिक न्यूनतम बोलपत्र रकम (मू. अ. कर बाहेक) | उत्खनन् तथा संकलन गर्न पाउने अधिकतम परिमाण | बोलपत्र दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १ | GRM/W/NCB/03/2082/083 | ढुंगा, गिट्टी, वालुवा, रोडा, ग्राभेल, स्लेट, बिछ्याउने ढुंगा उत्खनन तथा विक्री शुल्क उठाउने कार्य। | २,९२,१६,७६४/- (दुई करोड बयानब्बे लाख सोह्र हजार सात सय चौसठ्ठी रुपैया मात्र) | खोला खानी क्रसर, बालुवा धुने उद्योगहरू समेत गरी जम्मा १,१८,१८८.४ घन मिटर (४१,७३,८२३.३५ घन फिट) | रू. ५०००/- | भ्याट समेतको कवोल अंकको ५ प्रतिशत |

**शर्तहरूः**

१. बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले फर्मको नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी तथा करचुक्ताको म्याद थपको पत्र र बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको रसिद वा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय गजुरीमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता बैंक खाता नं. १०५०१००३०१०१०००२ मा नगद जम्मा गरेको नगद भौचर वा स्थानीय तहको राजस्व पोर्टलमा राजस्व शिर्षक १४५२९ मा जम्मा गरेको भौचर साथ मिति २०८२।०८।१८ गते दिउँसो १२:०० बजे भित्र विद्युतीय माध्यमबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ। बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
२. आफुले कबोल गरेको भ्याट समेतको अंकको कम्तिमा ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय गजुरीमा रहेको धरौटी खाता नं. १०५०१००३०३००००००२ (धरौटीको लागि) जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १५० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड विद्युतीय माध्यमबाट पेश गर्नु पर्नेछ।
३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरू पेश गर्ने अन्तिम दिनको दिउँसो १:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन सार्वजनिक बिदा परेमा सो कार्य बिदाको लगतै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।
४. प्रि-बिड बैठक मिति २०८२ मंसिर १ गते दिनको दिउँसो २:०० बजे गजुरी गाउँपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरूले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ। उक्त दिन सार्वजनिक बिदा परेमा सो बैठक उक्त दिनको भोलिपल्ट सोही समयमा हुनेछ।
५. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको मितिले १५ दिनभित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत संलग्न गरी कबोल अंकको प्रथम किस्ता बापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो र तेस्रो किस्ताबापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा २०८३ साल असोज मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा अनिवार्य बुझाउनु पर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।
६. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ। यस गाउँपालिकाको नदी तथा नदीहरूको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय अध्ययन IEE प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।
७. आन्तरिक आय बन्दोबस्तीका लागि गरिएको यस ठेक्काको अवधि आ.व. २०८२/०८३ को लागी यस कार्यालयसँग ठेक्का सम्झौता भएको मितिदेखि २०८३ आषाढ मसान्त सम्म रहनेछ। साथै ठेक्का सम्झौता हुनुभन्दा अगाडी कुनै कारण देखाई वा नदेखाई अस्थायी अनुमति पत्र, चलान पत्र, रसिद उपलब्ध गराइनेछैन।
८. बन्द हड्ताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दाबी गर्न पाईने छैन। यस प्रयोजनका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण IEE प्रतिवेदनको परिधिभित्र रही तोकिएको समयावधिमा मात्र नदी क्षेत्रबाट सामग्री उत्खनन् गर्न दिईने छ।
९. गाउँपालिकाको हितलाई मध्यनजर गरी कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। तोकिएको समयमा तोकिएको किस्ता रकम अनिवार्य रूपमा बुझाउनु पर्नेछ। कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहा/छुट सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन।
१०. ठेक्काको बाँकी दुई किस्ता रकम मध्ये क्रमशः दोस्रो किस्ता (कबोल अंकको ३० प्रतिशतले हुने रकम) २०८२ फागुन मसान्त भित्र र तेस्रो तथा अन्तिम किस्ता (कबोल अंकको २० प्रतिशतले हुने रकम) २०८३ वैशाख मसान्त भित्र बुझाई सक्नु पर्नेछ।
११. उल्लेखित शर्त पूरा नभएको बोलपत्रहरूलाई मूल्यांकनमा समावेश गरिने छैन। यस शर्तमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम ठेक्का स्विकृती पश्चात गरिने सम्झौता अनुसार हुनेछ।

नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको website:www.gajurimun.gov.np मा समेत हेर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

**सन्तोषभन्दा ठुलो सुख अर्को छैन । असन्तुष्ट मानिस संसारभरिकै वैभव पाए पनि सुखी र आनन्दित हुन सक्दैन ।**
**–गौतम बुद्ध**

# सुशासनको समय

सरकारले भिजिट भिसामा विदेश जाने नेपालीलाई सहज हुने गरी नयाँ मापदण्ड लागु गरेर सर्वसाधारणलाई राहत दिएको छ । पहुँचवाला व्यक्ति सहजै विदेश जान सक्ने, तर सर्वसाधारणका निम्ति भने अनेकन् कागजात प्रस्तुत गर्नुपर्ने अवस्था रहेको हो । त्यति मात्र होइन, जुन मुलुकमा जाने हो, त्यहाँको अनुमतिसमेत प्राप्त भइसकेको अवस्थामा समेत सर्वसाधारणमाथि अनेकन् जालझेल र अवरोध सिर्जना गरिन्थ्यो । यसरी जालझेल गरेपछि त्यस्ता व्यक्तिबाट असुली गर्नसमेत सहज हुन्थ्यो ।

मन्त्रालयका अनुसार अब सर्वसाधारणले आफैं जिम्मेवार भएर भिजिट भिसामा विदेश जान सक्ने भएका छन् । सम्बन्धित व्यक्तिले 'आफू भ्रमण गर्ने प्रयोजनका लागि विदेश जान लागेको, त्यसका लागि आवश्यक सबै कागजात साथमा रहेको र यसबाट सिर्जित परिणाममा पनि स्वयं जिम्मेवार रहने' ब्यहोराको स्वघोषणा गर्नुपर्नेछ । संविधानले सबै नागरिकलाई स्वतन्त्र घुमफिरको अधिकार दिएको छ । तर, यसअघि गृहमन्त्रालयले बनाएको भिजिट भिसा निर्देशिका आम नागरिकको अधिकार प्रत्याभूत गर्ने किसिमको थिएन ।

भिजिट भिसालाई अप्ठ्यारो र विवादित तुल्याउँदा बिचौलियाले प्रभावमा पारेका थिए । सर्वसाधारणले बिचौलियामार्फत खर्च गरेर पनि विदेश उड्नका निम्ति कोसिस गर्नुपर्ने अवस्था रहेको हो । आइन्दा आफू जान लागेको देश र यात्राबारे पूर्ण जानकारी प्राप्त गरी यात्रा गर्न सरकारले अनुमति दिएको छ । गत शुक्रबारबाट लागु भएको यो मापदण्डका आधारमा सम्बन्धित देशको प्रवेशाज्ञा वा पुगेपछि विमानस्थलबाटै अनअराइभल प्रवेशाज्ञा पाउने देश भए अग्रिम प्रवेशाज्ञा पनि चाहिँदैन । हवाई टिकट भएको र आवश्यक कागजातको स्वघोषणा गरेर विदेश जान पाइने भएपछि त्यसको स्वघोषणा सम्बन्धित व्यक्तिले गर्नुपर्ने हुन्छ ।

विभागले कम्तीमा ६ महिना वैध अवधि भएको राहदानी, सम्बन्धित देशको प्रवेशाज्ञा (भिसा) वा अनअराइभल भिसा प्राप्त हुने मुलुक भए प्रवेशाज्ञा नचाहिने, प्रस्थान गर्ने गन्तव्यसम्मको हवाई टिकट, प्रस्थान गर्ने व्यक्तिले गरेको 'आफू भ्रमण गर्ने प्रयोजनका लागि जान लागेको, त्यसका लागि आवश्यक कागजात साथमा रहेको र यसबाट सिर्जित परिणाममा स्वयं जिम्मेवार रहने' ब्यहोराको स्वघोषणा गर्नुपर्ने जनाएको छ । यो व्यवस्था शुक्रबारबाटै लागु भएको विभागले जनाएको छ । 'सबै नेपाली नागरिकलाई कुनै पनि बिचौलियाको प्रभावमा नपरी आफ्नो गन्तव्य र यात्राबारे पूर्ण रूपमा सुसूचित भई निर्धक्क यात्रा गर्न अनुरोध छ । साथै सबै स्थानीय तह र जिल्ला प्रशासन कार्यालयबाट समेत यस सूचनालाई सबै नागरिकसम्म सम्प्रेषण र सुसूचित गराउने कार्यमा सहयोग गरिदिन अनुरोध गरिएको छ,' विभागले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

> हामी नेपाली पनि सुशासनका हकदार हौं । अरू देशमा गएर यस्तो राम्रो र उस्तो राम्रो भन्नुभन्दा आफ्नै देशको परिस्थिति सुधारले लोकतन्त्रलाई बढ्ता दिगो र भरपर्दो बनाउँछ ।

अध्यागमन र भिजिट भिसासम्बन्धमा विगतदेखि देखिएका समस्या समाधान गर्न गठित उच्चस्तरीय अध्ययन र छानबिन समितिले भिजिट भिसालाई सहज गर्न सुझाव दिएको हो । प्रायः हाम्रा कार्यालयमा सर्वसाधारणलाई दिने सेवालाई सहजीकरण गर्नेभन्दा पनि अप्ठ्यारो पार्नेतिर बढ्ता केन्द्रित छन् । सरकारी कार्यालयमा सर्वसाधारणले पाएको दुःखबाटै सरकारप्रति नकारात्मक धारणा बन्न थाल्ने र सर्वसाधारणले सहजै सेवा पाउने हुन् भने स्थिति भिन्न हुन्छ । यो परिस्थिति बुझेका कारण पनि प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले सेवालाई सहजीकरण गर्न थालेको छ । कर्मचारीतन्त्रलाई प्रभावकारी बनाउन नीतिनिर्देश गर्ने र सेवा प्रवाहलाई प्रभावकारी बनाउने काम पनि भइरहेको छ । कर्मचारीतन्त्रलाई सोमबार प्रधानमन्त्री कार्कीले दिएको १४ बुँदे निर्देशनले यही पक्षलाई समावेश गरेको छ । मन्त्री र सचिवहरूलाई सबै मन्त्रालयको यथार्थ जानकारी दिने गरी 'ब्ल्युप्रिन्ट' तयार गर्न समेत उनले निर्देशन दिएकी छन् । गत भदौ २३ र २४ को जेन-आन्दोलनको मर्म र भावनाबमोजिम भ्रष्टाचार नियन्त्रण, सुशासन र प्रभावकारी सेवा प्रवाहलाई सरकारले जोड दिएको छ ।


सरकार निर्वाचन प्रयोजनको भए पनि कतिपय प्रशासनिक विकृति अन्त्यका निम्ति अहिलेको सरकारले भोलिका निम्ति आधार तयार पार्न सक्छ । वास्तवमा आम नागरिकको पछिल्लो समयको गुनासोका कारण सेवा प्रवाह प्रभावकारी नहुनु हो । त्यसभन्दा पनि सर्वसाधारणलाई जहिल्यै अप्ठ्यारोमा पार्ने गरिएको हो । नागरिकले असहाय महसुस गर्नुपर्ने कुनै पनि राजनीतिक व्यवस्था टिकाउन सकिँदैन । मुलुक लोकतान्त्रिक शासन व्यवस्था भने पनि सेवा प्रवाहमा हिजोका विकृतिको निरन्तरताले निराशाबाहेक अरु बढाउँदैन । यस हिसाबले पनि भिजिट भिसालगायतका विषयलाई अहिले सम्बोधन गर्नु भनेको सुशासनको अपेक्षाकै पूर्तिका रूपमा लिनुपर्ने हुन्छ ।

यस्ता व्यवस्था तदर्थ हुनुहुँदैन । संरचनागत परिवर्तन गरेर मात्र अपेक्षित प्रतिफल हासिल गर्न सकिन्छ । अतः सर्वसाधारणलाई केन्द्रमा राखेर सबै क्षेत्रको सेवालाई सहज बनाउन ध्यान दिनुपर्छ । हामी नेपाली पनि सुशासनका हकदार हौं । अरू देशमा गएर यस्तो राम्रो र उस्तो राम्रो भन्नुभन्दा आफ्नै देशको परिस्थिति सुधारले लोकतन्त्रलाई बढ्ता दिगो र भरपर्दो बनाउँछ ।



लोकबन्धु घिमिरे

## कोप–३०
# जलवायु जागरण




**कोप-३० मा नेपालले आफ्नो जलवायु पोजिसन कार्यपत्रमा 'हिमालय मुचिरौं' मार्फत हिमालय संरक्षणमा वैश्विक हातेमालोको आह्वान गर्न सक्छ ।**

सन् २०२५ को जलवायु सम्मेलन (कोप-३०) ब्राजिलको बेलेम सहरमा नोभेम्बर १०-२१ सम्म हुँदैछ । यतिबेला सो बैठकका लागि उच्चस्तरको तयारी चलिरहेको छ । ब्राजिलमा नै विशाल अमेजन 'वर्षावन' अर्थात् रेनफोरेस्ट अवस्थित छ, जुन नौवटा मुख्य वैश्विक जलवायु उत्कर्ष परिक्षेत्रमा पर्छ र त्यहाँ संसारको ४० प्रतिशत जैविक विविधता छ । विडम्बना, जलवायु परिवर्तनबाट सिर्जित बढ्दो तापमान र आगलागीले यो जंगल लगातार 'डाइडब्याक' भइरहेकाले लेटिना मुलुकहरू अमेजन जोगाउन कम्मर कस्दैछन् । यसैले ब्राजिलले कोप-३० लाई उच्च महत्त्व दिएको छ । यस सम्मेलनमा जलवायु कार्यसम्पादनका ६ एक्सन अजेन्डा र ३० उद्देश्य प्राप्ति हुनेगरी 'ग्लोबल मुचिरौं' (वैश्विक हातेमालो) भन्ने नाराबाट संसारलाई जलवायु सहकार्यको उच्च आह्वान गर्दै ब्राजिलले यो सम्मेलन गर्दैछ । 'मुचिरौं' भन्ने शब्द अमेजन आदिवासीले सामूदायिक सहकार्य जस्तैः सिँचाइकुलो, वनजंगल र अन्य सामाजिक-साझेदारीको कामका लागि प्रयोग गर्छन् ।

कोप-३० का अध्यक्षमा एम्बेसडर आन्द्रेई लागो र कार्यकारी प्रमुखमा आना टोनी छन् । वनमन्त्री मारियाना सिल्भा वैदेशिक समन्वयमा सक्रिय छन् । कोप-२९ भन्दा यसलाई बढी प्रतिफलमूलक बनाउन, जलवायु न्यायका हिसाबले साना टापुमुलुक र विकासशील देशलाई जलवायु अनुकूलनमा उल्लेख्य वित्तराशि जुटाउन तथा यसका लागि वार्ता गर्न पनि ब्राजिलको नेतृत्व लागिपरेको छ । खासमा ब्राजिलले आफ्नो हरित नेतृत्वमा न्यून कार्बन कृषि-अर्थतन्त्र र नवीकरणीय ऊर्जा रूपान्तरणको बहुपक्षीयतावादलाई वैश्विक प्रभाव विस्तार गर्ने औजारका रूपमा प्रदर्शन गर्ने मौकाका रूपमा यो सम्मेलनलाई लिएको छ । तीन दशकअघि रियो दि जेनेरियोमा जलवायु ढाँचा महासन्धि-१९९२ जन्माएको यही देशले फेरि आजको कोप-३० लाई पनि जलवायु कार्यसम्पादनको विहङ्गम मञ्चका रूपमा उपयोग गर्दै यो बहुपक्षीयतावादको कूटनीतिमार्फत अमेजन जंगलको अस्तित्व बचाउनेतर्फ लागेको छ । किनकि राष्ट्रपति लुलाले अमेजनको नोक्सानी रोकेका छन् भने उनको हरित विकासनीतिमार्फत सन् २०३५ सम्म ब्राजिलले ६७ प्रतिशत कार्बन उत्सर्जन घटाउने एनडिसी-३ पनि पेस गर्दैछन् ।

यसरी बेलेम कोपमार्फत ब्राजिलले वैश्विक जलवायु कार्यसम्पादन आदिवासी-प्रकृतिवादी दर्शन बोक्ने प्लानेटोरी सहकार्यकै विचारमा सम्भव रहेको भनी जोड दिन खोज्दैछ । नवउदारवाद, बजारवाद र नाफा मात्रै देख्ने पुँजीवादी लालचले जीवाश्ममा ऊर्जा जलन र बढी कार्बन उत्सर्जनले जलवायु समस्या थोपरिएको हो, यसबाट टाढिनुपर्छ भन्ने हो ।

**६ खम्बे रणनीति**

अध्यक्ष आन्द्रेइलागोका अनुसार बेलेम सम्मेलनले विगत तीस वर्षसम्म सबै कोपमा स्विकारिएका जलवायु नीति, प्रोटोकल र सम्झौताहरू अनि दुबईमा सम्पन्न कोपको प्रथम ग्लोबल स्टकटेक (२०२३) का सुझावका आधारमा जलवायु कार्यसम्पादनलाई तीव्रता दिन तिस वटा एक्स अजेन्डालाई प्राथमिकता दिने भएको छ । पेरिस सहमतिपत्र-२०१५ ले बढ्दै गरेको तापमानलाई १.५ डिग्रीभित्र स्थिरीकरण गर्ने, यसका लागि हरितगृह ग्यास (खासमा मानवसिर्जित कार्बन) उत्सर्जन उल्लेख्य घटाइ सन् २०५० भित्र नेटजिरो प्राप्तिको लक्ष्य लिएकोमा सो पूरा गर्न सबै पक्षधर मुलुकहरूले कार्बन उत्सर्जन कटौतीको राष्ट्रिय निर्धारित योगदानपत्र (एनडिसी) बनाउने र हरेक पाँच वर्षमा सो एनडिसीको स्तर बढाउने प्रबन्धसहित आइपिसिसीमा दर्ता गर्ने भनिएको थियो ।

सन् २०२५-३५ सम्म संसारले ६१ प्रतिशत कार्बन घटाउनेगरी प्रत्येक मुलुकले एनडिसी-३ दर्ता गर्नुपर्नेछ तर बढी कार्बन उत्सर्जन गर्ने धेरै मुलुकले यस्तो एनडिसी पेस नगर्दा यसमा प्रगति कम भएको छ । लाजमर्दो कुरा के छ भने वायुमण्डलमा कार्बन उत्सर्जन घट्नुभन्दा पनि उल्टै बढेर ४२५ पिपिएम पुगेको छ । कार्बन बढेकै कारण अहिले जलवायु उत्प्रेरित मानवीय हानी ह्वात्तै बढेको छ ।

यस्ता घटनामा तातो लहर, जंगल आगलागी, बाढीपहिरो, खडेरी, हिमनदी विस्फोट, समुद्री उचाइ वृद्धि, जलसंकटजस्ता विपत्ति छन् । यी सबैका कारण मानवजातिको अस्तित्व नै संकटतिर उन्मुख छ ।

बेलेममा जलवायु ढाँचामहासन्धिको अनूसूची-१ का देश (कार्बन उत्सर्जक धनी देश) र बाँकी देशहरू, विकासशील मुलुक र साना टापु देशहरू एवं अन्य क्लाइमेट ब्लकहरू तथा सिभिल सोसाइटीबिच घनीभूत छलफल र वार्तामार्फत ग्लोबल मुचिरौंका लागि अग्रगामी सहमति र उपलब्धिजन्य सम्झौता गर्ने भनेको छ ।

> बर्सेनि ४० बिलियन टनका दरले वायुमण्डलमा थुप्रिरहेको कार्बनका कारण पृथ्वीको तापमान वृद्धि हुँदा उत्सर्जन नै नगरेका साना टापु, गरिब र विकासशील देशले आज पर्यावरणीय विनाश र अर्थतन्त्र रोकावटजस्ता समस्या भोग्नु परिरहेको छ ।

**दश सम्झौता क्षेत्र**

यसमा जलवायु कार्यसम्पादनलाई तीव्रता दिन समस्त विश्व समाजलाई 'वैश्विक हातेमालो' नारामा भद्र आग्रह गरिएको छ भने राष्ट्रिय एनडिसी जस्तै वैश्विक योगदानपत्र पनि ल्याउने तयारी छ ।

यसरी नै प्रत्येक देशका लागि महत्त्वाकांक्षी तेस्रो एनडिसीको अनुरोध, अमेजन र अन्य वर्षाजंगल संरक्षण, ट्रोपिकल फरेस्ट फेसिलिटी फन्डको स्थापना, समावेशिता र न्याय, क्षेत्रीय एवं स्थानीय नेतृत्व समेटने, बहुपक्षीयता र जलवायु कूटनीतिसहित उक्त ६ खम्बे रणनीति कार्यान्वयनका लागि 'फ्रम प्लेज टु प्राक्टिस' नाम दिइएको १० दश सम्झौता क्षेत्रको पनि प्रस्ताव गरिएको छ ।

**६ खम्बे रणनीति र तिस कार्यसूची**

यस कोपमा जलवायु न्यूनीकरण र अनुकूलनका लागि नेगोसियसनमार्फत ठोस उपलब्धि हासिल गर्न सबै वार्ताकारका लागि यी क्षेत्रमा बढी फोकस गर्ने भनेको छ- ऊर्जा, उद्योग र यातायात क्षेत्र रूपान्तरण, जैविक विविधता र जंगललाई पुरस्कृत गर्ने, कृषि र खाद्यप्रणालीमा रूपान्तरण, सहरी पूर्वाधार र पानीको स्रोतको उत्थानशील क्षमता वृद्धि गरी उत्थानशील सहर निर्माण, फोहोर व्यवस्थापन र दिगो जलस्रोत व्यवस्थापन, मानव संसाधन, सामाजिक विकास र अन्तरसम्बध प्रवर्धन, जलवायु वित्त, प्रविधि र क्षमता विकासको तीव्रता ।

**बाकु टु बेलेम रोडम्याप : १.३० ट्रिलियन कोष**

जलवायु परिवर्तन कोइला, तेल, ग्यास तथा पेट्रोल उत्पादन र बढी खपत गर्ने धनी देशहरूबाट उत्सर्जित कार्बनजन्य समस्या हो । यी देशबाट बर्सेनि ४० बिलियन टनका दरले वायुमण्डलमा थुप्रिरहेको कार्बनका कारण पृथ्वीको तापमान वृद्धि हुँदा उत्सर्जन नै नगरेका साना टापु, गरिब र विकासशील देशले आज पर्यावरणीय विनाश र अर्थतन्त्र रोकावटजस्ता समस्या भोग्नु परिरहेको छ । जसमा खासगरी अधिक वर्षात र बाढी पहिरो, चक्रवात, खडेरी, पूर्वाधार नोक्सानी, कृषि उत्पादनको ह्रास र हिमनदी पग्लावट एवं पानीको चरम संकट पर्छन् । यसर्थ यस्ता समस्या समाधानार्थ विकसित देशहरूले जलवायु वित्तमार्फत विकासशील देशलाई पर्याप्त धनराशि प्रदान गर्नुपर्ने व्यवस्था पेरिस सहमतिपत्र-२०१५ को आर्टिकल (९) १ मा छ ।

अतः यसैको सम्बोधनार्थ दीर्घकालीन रूपले ठुलो वित्तीय राशि रहेको नयाँ कोष स्थापना गर्न गत वर्ष कोप-२९ मा नयाँ सामूहिक परिणामात्मक लक्ष्य भन्ने बृहत्तर कोष बनाउने सहमति भई यसमा धनी देशहरू र पेट्रो कम्पनीहरूले सन् २०३५ सम्म हरेक वर्ष १.३ ट्रिलियन डलर जलवायु वित्त जम्मा गर्ने प्रस्ताव गरे तापनि खासै उपलब्धी भएन । यसमा थोरै वित्त जम्मा भएकाले साना देशलाई पर्याप्त रकम दिन नसक्दा तीव्र क्याइमेट एक्सनमा बाधा पुगेको छ र उनीहरू जलवायु न्यायबाट वञ्चित छन् । यसैलाई मध्यनजर गरी यस कोपमा बाकु टु बेलेम रोडम्याप-१.३० ट्रिलियन नारा ल्याइएको छ ।

**नेपालको आह्वान : हिमालय मुचिरौं**

यही सन्दर्भमा नेपाल पनि जलवायु पीडित मुलुक रहेको र यहाँको हिमालय पग्लिरहेको जानकारी विश्वमञ्चमा हामीले लगातार उठाइरहेको सन्दर्भ पनि जोडिन आउँछ । भर्खरै नेपालले सगरमाथा संवाद गर्‍यो भने हिन्दुकुश हिमालय संसदीय भेला पनि गर्‍यो । यी भेलामा बढ्दै गरेको तातोपन, हिमनदी विस्फोटको समस्या तथा जनधन नोक्सानी र अनुकूलन वित्तबारे कुरा उठे । यस वर्ष मात्रै रसुवाको हिमताल विस्फोट, मुस्ताङ र हुम्लाको हिमपहिरोबाट ठुलो नोक्सानी बेहोर्न बाध्य भयौं । भर्खरै मध्यअसोजको बाढीपहिरोले सडक र पूर्वाधार विनाश भयो । यस्तै प्रमाणका आधारमा नेपालले जलवायु क्षतिभरण र जलवायु न्यायको पैरवी गर्न सक्छ । तत्काल अति जोखिमका सयवटा हिमताल विस्फोट एवं जंगल डढेलो रोकथाम गर्न र मौसम चेतावनी प्रणाली प्रवर्धनार्थ हामीलाई कम्तीमा एक सय करोड डलर सन् २०३० भित्रै चाहिन्छ ।

कोप-३० मा नेपालले आफ्नो जलवायु पोजिसन पेपरमा 'हिमालय मुचिरौं'मार्फत हिमालय संरक्षणमा वैश्विक हातेमालोको आह्वान गर्न सक्छ । यसर्थ, उचित कार्ययोजनासहित कम्तीमा १०० मिलियन डलरको हिमालय संरक्षण कोष प्रस्ताव गर्न नेपाललाई राम्रो अवसर आएको छ भन्दा उपयुक्त नै हुन्छ ।

# विद्याको गृहप्रवेशमा अनुदार अभिभावक

**विद्या भण्डारीले नयाँ प्लेटफर्म निर्माण गर्दै अगाडि बढ्दा एउटा आकर्षक संगठन निर्माण हुन सक्छ । तसर्थ उनलाई एमालेभन्दा बाहिर जाने परिस्थिति नबनाइयोस् । नेकपा एमाले नेतृत्वले उनीप्रति उदारता देखाउनैपर्छ ।**




प्रकाश थापा

वर्तमान अवस्थामा नेकपा एमाले नेपालको सबैभन्दा ठुलो राजनीतिक दलमध्ये एक हो । यसले नयाँ नेतृत्व चयनका लागि एघारौं महाधिवेशन यही २०८२ मंसिर अन्तिमसाता गर्दैछ । अघिल्ला महाधिवेशनबाटै पार्टीले स्पष्ट नीति लिएको छ । एक व्यक्ति दुई कार्यकाल, केपी ओलीकै पहलकदमीमा आठौं महाधिवेशनले पारित गरेको विधान हो । हालसम्म नेकपा एमाले यही विधिद्वारा चल्दै आएको कुरो सर्वविदितै छ । यही कात्तिक १५ गते बसेको पार्टी सचिवालयको (५९औं) बैठकद्वारा महाधिवेशन प्रतिनिधि चयनको खाका तयार गरी भूगोलमा अपानि सर्कुलर हुँदैछ । नेकपा एमालेले राष्ट्रिय संकटबारे के सोच्दैछ ? आफ्नो पार्टीको नेता अर्थात् अभिभावक कसलाई बनाउँछ ? नेतृत्वचयनमा लोकतान्त्रिक प्रक्रिया अपनाउला कि नअपनाउला ? वर्तमान संविधान संशोधनको आवश्यकता हो कि होइन ? यदि हो भने गठबन्धन सरकार चलिरहेका बेला यसबारे बहस चलाइयो कि चलाइएन ? कुलिङ अफ पिरियडबारे पार्टीको स्पष्ट धारणा अझै अन्योल जस्तै छ । दुई दुई चोटि शिक्षक आन्दोलन भयो । यसबारे पार्टी सरकारमा छ तर शिक्षामन्त्रीले राजीनामा गर्नुपर्‍यो । यस्तो किन भयो ? यो आम नेपालीजनको चासोको विषय बनेको छ ।

हामी भुइँमान्छेले नजिकैबाट नियाल्दा नेकपा एमाले केपी शर्मा ओलीको नेतृत्वमा प्रायः एउटा निश्चित विचारसमूहको इच्छाअनुसार चलिरहेजस्तो देखिन्छ ।

कात्तिक १५ को (५९औं) सचिवालय बैठकको आशय पनि बुझिन्छ । यो सचिवालयको बैठकबाट अधिकांश व्यक्तिले कान ठाडो पारेर चासो देखाएका थिए कि त्यही दिन पक्कै पूर्व उपाध्यक्ष तथा महिला नेतृ विद्या भण्डारीको पार्टी सदस्यता मौखिक रूपमै नवीकरण हुन्छ कि ? तर त्यस्तो हुन सकेन । पार्टी अध्यक्ष त्यति निरंकुश किन हुनुभयो ? किन डराउनुभयो विद्यासँग ? बाहिर गएकालाई आऊ आऊ भन्ने, भित्रकालाई आफ्नो अघिल्तिर उभिनै नदिने । यसैलाई भनिन्छ आन्तरिक लोकतन्त्र ? उपाध्यक्ष भइसकेकी नेतृ (राजकीय सम्मान अर्को पाटो हो) विद्या भण्डारीजस्ता अनुभवी र महिला अधिकारकर्मीलाई सीमित भूमिका र अपमानको सामना गर्दै आउनुपरेको छ । ओली नेतृत्वको केन्द्रीकृत शैलीले आलोचनात्मक आवाजलाई दबाएको मात्र होइन, संगठनको लोकतान्त्रिक संरचना नै मक्किएको छ । परिणामस्वरूप पार्टीभित्र असन्तुष्टि बढेको छ र एउटा जीवित अनि राष्ट्रिय पार्टीको जीवनमा आन्तरिक द्वन्द्वले नेपाली राजनीतिमा स्थायित्वका लागि चुनौती खडा भएको छ । यस्ता कुरा बिर्सनुहुन्न । आफ्नो नेतृत्वविरुद्ध असन्तोषले जरा गाड्यो भने भयावह परिस्थितिको सामना गर्न असाध्यै महँगो पर्न जान्छ ।

यदि नेकपा एमालेले आफूभित्रको लोकतान्त्रिक पद्धतिको जननी मानिएको जबजलाई आत्मसाथ गर्ने हो भने विद्या भण्डारीप्रति पार्टी नेतृत्वले किन यो हदको कठोरता अपनायो ? पार्टी सदस्यता नवीकरण गराएर महाधिवेशनमा भाग लिन दिएको भए के नै बिग्रिन्थ्यो र ? महाधिवेशनबाट विजय हात नपरे बाहिरि नुहुन्थ्यो । फुर्सदिलो भएर सल्लाहकारको भूमिका निर्वाह गर्दै बस्नुहुन्थ्यो होला । निषेधको राजनीतिले संसारमा द्वन्द्वबाहेक अरू परिणाम हात परेको छैन । आन्तरिक द्वन्द्वले कहाँ पुगिन्छ अध्यक्ष महोदय आफैं जानिफकार हुनुहुन्छ । एउटा प्रोफाइल बनिसकेको मान्छे कहिल्यै पनि चुप रहन सक्दैन । नत्र त जेनजी आन्दोलनपश्चात् केपी ओली चुपचाप हुनुपर्ने हो । तर त्यस्तो हुन सकेन । आफैं चुप रहन सक्नुभएन । कारण असुहाउँदो अपमान असह्य हुँदोरहेछ । त्यसकारण यस्ता परिस्थितिमा विद्या भण्डारीले एक कदम अगाडि बढ्ने हो भने नयाँ राजनीतिक प्लेटफर्मको सम्भावना र क्रान्तिकारी दृष्टिले उनको जीवनमा महत्त्वपूर्ण मोड आउन सक्छ । पूर्वराष्ट्रपतिका रूपमा उनको संवैधानिक अनुभव र जनसंलग्नताले पार्टीलाई स्थिर, विश्वासिलो र समावेशी नेतृत्व प्रदान गर्न सक्छ । सीमित अवसर र अपमानको सट्टा विद्या नयाँ गठबन्धनमार्फत देशभरका असन्तुष्ट मतदातालाई आकर्षित गर्न सक्षम हुनेछिन् । पार्टीभित्रै पनि केपी ओली नेतृत्वसँग वाक्क भएका नेता कार्यकर्ताको भावना त्यहाँ पुगेर जोडिन सक्छ । तसर्थ विद्या भण्डारीले नयाँ प्लेटफर्म निर्माण गर्दै अगाडि बढ्दा एउटा आकर्षक संगठन निर्माण हुनसक्छ । तसर्थ उनलाई एमालेभन्दा बाहिर जाने परिस्थिति नबनाइयोस् । नेकपा एमाले नेतृत्वले उनीप्रति उदारता देखाउनैपर्छ । अर्कोतिर एमालेबाटै बाहिरिएका अधिकांश र अन्त सम्मानपूर्वक गर्विलो राजनीतिक स्थान प्राप्त गर्न नसकेका उन्नत प्रोफाइलका नेतालाई गोलबन्द गर्दै झलनाथ खनाल, माधवकुमार नेपाल, पुष्पकमल दाहाल, वामदेव गौतम, भीम रावल, महिन्द्रप्रसाद यादव, अशोक राई, विप्लवलगायतका नेता समावेश गरी नयाँ प्लेटफर्मअन्तर्गत अगाडि बढ्ने हो भने केपी ओली नेतृत्वलाई सांगठनिक र वैचारिक रूपमा ठुलै धक्का लाग्न सक्छ भन्ने कुरो ओलीले राम्रैसँग बुझ्नुभएको छ । ओली आफ्नै पार्टीकी महिला नेतृ भण्डारीसँग डराउनुको मुख्य कारण भण्डारीको राजनीतिक स्थायित्व, संवैधानिक मर्यादा र लोकप्रियता नै हो । त्यसकारण विद्या भण्डारीको राष्ट्रपति पदको अनुभव र जनसमर्थनले उनलाई पार्टीभित्र र देशव्यापी रूपमा बलियो बनाउँछ । घरेलु रूपमा स्वयं ओली आफैं सक्रिय राजनीति गर्ने भए पनि विद्याजस्तो व्यक्तित्वसँग खुला संघर्षमा जानु आफू असुरक्षित र जोखिमपूर्ण ठानेर ओली विद्याप्रति कठोर बनेकै हुन् ।




वर्तमान अवस्थामा ओलीले विद्या नेतृत्वको नयाँ राजनीतिक समीकरण देखापर्‍यो भने वर्तमान एमाले संरचनालाई ठुलै चुनौती बन्न सक्छ भन्ने बुझेका छन् । नयाँ पार्टी वा समीकरण ओली नेतृत्वको केन्द्रीकरण, अपारदर्शिता र संगठनात्मक कमजोरीलाई प्रतिवाद गर्दै लोकतान्त्रिक विकल्पका रूपमा उभिन सक्छ । हुन त दलहरू थुप्रैपटक फुटे र जुटेको इतिहास छ । दलहरू फुटेका भए पनि अल्पमत र बहुमतबिचको मात्रै विभाजन हो । गिरिजा-शेरबहादुर, माधव-सिपी-वामदेव, केपी-माधव, प्रचण्ड-बाबुराम अर्थात् २०५१ सालयता यस्ता फुटले देशलाई स्थायित्व दिन नसकेकै हुन् । यदि राष्ट्रलाई स्थायित्व दिन सकिन्न भने बहुल पार्टीको काम छैन । अमेरिकाजस्तो विकसित मुलुकमा दुइटा पार्टी, तीन करोड जनसंख्या भएको यति सानो मुलुकमा घरै पिच्छे पार्टी । यो व्यवस्थाबाट मुलुक अघि बढ्न सक्तैन । त्यसकारण सबै खुद्रा राजनीतिक पसल बन्द गरी समग्र रूपमा एउटै मिसन बोकेको प्रगतिशील पार्टी गठन आजको आवश्यकता हो । हाम्रो प्रमुख उद्देश्य सुखी नेपाली समृद्ध नेपाल नै हो ।

# अनियमितताको 'आहाल' मा राप्ती स्वास्थ्य प्रतिष्ठान

देवेन्द्र बस्नेत

दाङ, कात्तिक १७

जिल्लामा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना भएपछि दाङसहित छिमेकी पहाडी जिल्लाहरू सल्यान, रोल्पा, प्युठानवासीहरूको समेत भरपर्दो उपचार केन्द्र बन्ने विश्वास गरियो, तर प्रतिष्ठानको नेतृत्वलाई आफूअनुकुल बनाउने राजनीतिक प्रतिस्पर्धाका कारण प्रतिष्ठानको गुणगान गाउने र गाली गर्नेहरू दुई कित्तामा विभाजित हुँदै गए । प्रतिष्ठानको नेतृत्वमा बसेकाहरू पनि निजी लाभका निम्ति कुन दलको फेरो समात्ने भन्ने ध्याउन्नमै देखिए । प्रतिष्ठानको नेतृत्व र प्रतिष्ठानमाथि हाबी हुन खोज्ने दलहरूको दलीय स्वार्थका कारण प्रतिष्ठान उँभो लाग्न सकेन । आम नागरिकले भरपर्दो स्वास्थ्यलाभ पाउन नसकेको गुनासो बढ्दै जान थाल्यो ।

त्यसो त, प्रतिष्ठानको नेतृत्वले पनि आफूअनुकुलका राजनीतिक दलका व्यक्तिहरूलाई समातेर अनियमित तवरका निर्णय गर्न थाल्यो । योग्यता नपुगेकाहरूलाई विभिन्न पदमा विराजमान गराएर प्रतिष्ठानको नीति र नियमको धज्जी उडाउने काम नेतृत्व तहबाट भयो । यसले प्रतिष्ठानप्रतिको आमजनमानसको विश्वास डग्मगायो । यति मात्रै हैन, प्रतिष्ठानका विभिन्न उपचार मेसिन खरिद प्रकरणमा अनियमितता भएको भन्दै व्यापक रूपमा आलोचना पनि भयो, तर प्रतिष्ठानले यसलाई ढाकछोप गरेर एकपछि अर्को नयाँ उपचार सेवा विस्तार गरिरहेको रटान लगाइरह्यो ।

तर प्रतिष्ठानले अनियमितताको 'आहाल' बाट आफूलाई चोखो देखाउन खोजिरह्यो । यसको पुष्टि केही समयअघि मात्रै तत्कालीन उपकुलपति डा. संगीता भण्डारीसहित जम्बो टोलीमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेको भ्रष्टाचार मुद्दाले गरिदियो । प्रतिष्ठानको एमआरआई मेसिन खरिदमा गरिएको १२ करोड रुपैयाँ घोटालामा तत्कालीन उपकुलपति डा. सहित

एक दर्जन कर्मचारी मुछिए । आर्थिक लाभका निम्ति कम गुणस्तरको यो मेसिन खरिद गरेर प्रतिष्ठानको स्वास्थ्य सेवामाथि हेलचेक्र्याइँ गरेको तत्कालीन नेतृत्वका कारण प्रतिष्ठानप्रति आमनागरिकको दृष्टिकोण झनै नकारात्मक बनिदियो । 'स्वास्थ्यजस्तो क्षेत्रमा यसरी करोडौं घोटाला गर्ने नेतृत्वका कारण कसरी आमनागरिकले भरपर्दो उपचार पाउँछन् भनेर विश्वास गर्नु ?', एक नागरिक भन्छन्, 'प्रतिष्ठान जिल्लामा छ, राम्रो उपचार पाइन्छ भनेर ढुक्क हुनु त गलत रहेछ । यो त खाने ठाउँका रूपमा पो ल्याइएको रहेछ ।'

तत्कालीन उपकुलपति डा. भण्डारीलाई आफूअनुकुल चलेको, आर्थिक अनियमितता गरेको भनेर गरिएको चर्को आलोचना अख्तियारको मुद्दाले पुष्टि गरिदिएको छ, तर उनको कार्यकाल पूरा भएपछि प्रतिष्ठानमा नयाँ भर्ती भएका नयाँ पात्रको विश्वास दंगालीहरूले बेस्सरी गरे । दाङकै स्थानीय वासिन्दासमेत रहेका डा. विकास लामिछाने नयाँ उपकुलपतिका रूपमा प्रतिष्ठानमा भर्ती भएपछि प्रतिष्ठानको हितका लागि उनले ठूलो भूमिका खेल्ने अनुमान बेस्सरी गरिएको थियो, तर उनी पनि झूटको मक्सदसहित प्रतिष्ठान भित्रिएको पुष्टि केही समयअघि मात्रै भयो । उनले आफ्नो कार्यकाल झन्डै ६ महिना बाँकी रहँदा केही दिनअघि मात्रै उपकुलपति पदबाट राजीनामा दिएका छन् । उनको राजीनामाको प्रमुख कारण पनि उनीविरुद्ध अख्तियारमा परेको उजुरी नै रहेको प्रतिष्ठान स्रोतको दाबी छ । अख्तियारमा उनीविरुद्ध प्रतिष्ठानको उपकुलपति बन्न शैक्षिक योग्यता नपुगेको भनेर उजुरी परेको थियो । अख्तियारले यो उजुरीलाई केही समयदेखि हेरिरहेको थियो । प्रतिष्ठानको नियमावलीअनुसार योग्यता नपुगेका उपकुलपति डा. लामिछानेले गलत बाटोबाट प्रतिष्ठानको नियुक्ति लिएको उजुरी परेको थियो ।

स्रोतका अनुसार अख्तियारमा



परेको यो उजुरी प्रमाणित भएपछि उपकुलपति लामिछानेले चोखो बन्नका लागि पहिल्यै राजीनामा दिएका हुन् । 'अख्तियारले हेरिरहेको मुद्दा प्रमाणित भएपछि आफू चोखो बन्नका लागि पहिल्यै राजीनामा दिएका हुन्', प्रतिष्ठान स्रोत भन्छ, 'अरू कारण केही पनि हैन ।' उनीविरुद्ध परेको उजुरीमा दाबी गरिएअनुसार राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको नियमावलीले तोकेको योग्यता लामिछानेको पुग्दैनथ्यो । प्रतिष्ठानको नियमावलीअनुसार 'मान्यताप्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर (एमडी, एमएस, पिएचडी) उपाधि प्राप्त गरी प्राध्यापक पदमा नियुक्त भई कम्तीमा पाँच वर्ष अनुभव हासिल गरेको व्यक्ति उपकुलपति नियुक्त हुनेछ' भन्ने स्पष्ट व्यवस्था छ ।

लामिछाने एमडी, एमएस, पिएचडी उपाधि हासिल नभई त्रिवि शिक्षण अस्पतालमा एमबिबिएस अध्ययनपछि अमेरिका जोहन अप्किन्स युनिभर्सिटीमा एघारमहिने एमपिएच तालिम मात्रै लिएको देखिएको छ, तर एमपिएच तालिम लिएपछि कम्तीमा तीन वर्ष अध्ययन गरेर मात्रै पिएचडी उपाधिको मान्यता हुने स्पष्ट व्यवस्था छ । लामिछानेले पिएचडी उपाधि हासिल गर्न कम्तीमा तीन वर्ष थप अध्ययन गर्नुपर्ने दाबी उजुरीमा गरिएको थियो । यसर्थ उनी अहिले (एमडी, एमएस, पिएचडी) उपाधि पाइसकेका व्यक्ति नभएकाले उनी उपकुलपति बन्न अयोग्य रहेको दाबीसहित अख्तियारमा उजुरी परेको थियो ।

प्रतिष्ठानको पहिलो कार्यकालको नेतृत्वमाथि दाबी गरिएको गल्ती सच्याएर प्रतिष्ठानलाई अब्बल उपचार केन्द्रका रूपमा लैजान सक्ने गरी गरिएको दोस्रो कार्यकालको नेतृत्वले पनि प्रतिष्ठानलाई अनियमितताको आहालबाट बाहिर निकाल्न सकेन । अझ नियुक्ति हुँदा नै फर्जी कागजात पेस गरेको झुटको कुकृत्यले प्रतिष्ठानलाई थप अविश्वासको खाडलमा फसाइदियो ।

स्थापनाको हालसम्म दुई नेतृत्वले प्रतिष्ठानको बागडोर सम्हाल्ने अवसर पाए । तर यी दुवै नेतृत्व प्रतिष्ठानका लागि अहितकर प्रमाणित भइदिए । यसो हुँदा प्रतिष्ठानको साख र गरिमा आमनागरिकको नजरबाट थप गिरेको छ ।

# सिंहदरबारमा सर्दै स्वास्थ्य मन्त्रालय

काठमाडौं, कात्तिक १७ (नागरिक)- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सिंहदरबारभित्रै प्रि-फ्याब ब्लक बनाइरहेको छ । मंसिरको पहिलो सातामा सर्ने गरी निर्माण कार्य भइरहेको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले बताए । गत भदौ २४ मा जेन्जी प्रदर्शनमा आगजनी भएको भवन प्रयोगविहीन भएपछि मन्त्रालयले सिंहदरबारभित्रै सर्ने तयारी गरेको हो ।

गत भदौमा जलेर पूर्णरूपमा क्षति पुगेपछि स्वास्थ्य मन्त्रालयले सधैंका लागि सिंहदरबारभित्रै सर्ने निर्णय गरेको देखिन्छ । भवन मिल्ने सम्भावना भएकाले पनि सर्न लागेको प्रवक्ता बुढाथोकीले बताए । जेनजी आन्दोलनपछि सिंहदरबारभन्दा बाहिर रहँदा सुरक्षित नरहेको मन्त्रालयका कर्मचारीले समेत महसुस गरेको उनको अनुभव छ । 'मन्त्रालय दुई दिनसम्म जलिरहँदा कसैले उद्धार गरेनन्, बाहिरभन्दा भित्र सुरक्षित हुन्छ नै', उनले भने । मन्त्रालयसँग सम्बन्धित विभिन्न नीतिगत बैठक हुँदा सरोकारवाला निकाय पनि भित्रै भएकाले मन्त्रालयभित्र भएपछि काममा छरितो आउने छ । मन्त्रालयजस्तो निकाय सिंहदरबारभित्र सुरक्षित देखिएको उनको भनाइ छ ।


## आशय पत्र (EOI) सम्बन्धी सार्वजनिक सूचना
## आ.व. २०८२/८३

सूचना प्रकाशित मितिः २०८२/०७/१८

यस IME KHALTI LIMITED, नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त संस्था तथा ISO २७००१:२०२२ द्वारा प्रमाणित नेपालको एक अग्रणी डिजिटल वालेटलाई, कार्यालय भवनको आन्तरिक सेटअपका लागि आवश्यक तपशिलमा उल्लेखित सामग्री तथा सेवाहरु आपूर्ति गर्न योग्य तथा इच्छुक संस्थाहरु सूचिकृत गरिने भएकोले इच्छुक संस्थाहरुले आसय पत्र यस सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा (२०८२ साल मङ्सिर ०३ गते, बेलुका ६:०० बजेभित्र) यस कम्पनीको सम्पर्क कार्यालय, पुल्चोक -३, ललितपुरमा दर्ता गराउनु हुन अथवा Procurement@khalti.com मा इमेल गरी पठाउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आशय पत्र (EOI) पेश गर्नका लागि उपलब्ध सेवाहरुः**

१. काठ, एल्युमिनियम, uPVC, टफन ग्लास, फल्स सिलिङ्ग आदि सम्बन्धी कार्यहरू ।
२. एयर कन्डिसन (AC) सम्बन्धी कार्यहरू ।
३. विद्युतीय तथा नेटवर्किङ्ग सम्बन्धी कार्यहरू ।
४. सोफा, अफिस टेबल, अफिस चेयर आदि फर्निचर सम्बन्धी कार्यहरू ।
५. अन्य विविध (Miscellaneous) कार्यहरू ।

**शर्तहरूः**

१. ईच्छुक कम्पनीहरूले आफ्नो Expression of Interest (EOI) कभर लेटर कम्पनीको आधिकारिक लेटरहेडमा तयार गरी निम्न कागजातहरू पेश गर्नुपर्नेछः
- प्यान दर्ता प्रमाणपत्र
- कम्पनी दर्ता प्रमाणपत्र
- अद्यावधिक कर चुक्ता प्रमाणपत्र
- शेयर लगत (शेयरधनी विवरण)

२. ईच्छुक कम्पनीहरूले आफ्नो EOI पेश गर्नुअघि तल उल्लेखित बैंक खातामा रु. ५,००० (EOI शुल्क) बुझाउनु पर्नेछः
- खाता नामः **IME KHALTI LIMITED**
- बैंकको नामः नेपाल इन्भेस्टमेन्ट मेघा बैंक लिमिटेड
- खाता नम्बरः ०३२०१०४०२५४६९४
- बैंक शाखाः त्रिपुरेश्वर
- भुक्तानी भौचर अन्य आवश्यक कागजातहरूसँगै पेश गर्नुपर्नेछ ।

३. इच्छुक विक्रेताबाट खरिद प्रक्रिया अगाडि बढाउने वा नबढाउने निर्णय गर्ने सम्पूर्ण अधिकार IME KHALTI LIMITED लाई सुरक्षित रहनेछ । इच्छुक विक्रेताले यस प्रक्रियासँग सम्बन्धित कुनै पनि विषयमा आपत्ति, असहमति वा विवाद सृजना गर्न पाउने छैनन् ।

khalti by IME
IME KHALTI LIMITED
Panipokhari–03, Kathmandu
Contact: 9801165534/9801323965



## सानिमा बैंकको जरूरी सूचना !

नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको निर्देशन अनुसार यस बैंकका सम्पूर्ण खातावाल ग्राहकहरू तथा सो सँग सम्बन्धित व्यक्तिहरू समेतले आफूलाई पायक पर्ने यस बैंकको कुनै पनि शाखा कार्यालयमा सम्पर्क गरी आफ्नो राष्ट्रिय परिचय पत्र नम्बर (NID), स्थायी लेखा नम्बर (PAN), मोबाइल नम्बर आदि लगायतका अन्य विवरणहरू खातामा अद्यावधिक गराउन हुन यसै सूचना मार्फत अनुरोध गर्दछौं ।

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



## Invitation for Bids
## Dharan Sub Metropolitan City

Invitation for Bids No: 04/DHARAN/WORKS/NCB/082/83
Date of publication: 2082-7-18,4-11-2025

1. ***Dharan Sub Metropolitan City*** invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of ***Naya Sadak Asphalt Concrete road Construction work,Dharan-15*** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. ***32,47,054.66(Civil works without VAT and Including P.S).***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website www.bolpatra.gov.np/egp.


# वर्गीकृत विज्ञापन/डिस्प्ले


## घरजग्गा बिक्रीमा

४५ लाखमा लुभु बसपार्क नजिक सिरुटार ठिमी जाने मेनरोडमा ६ आना जग्गाः ९७६७२४२३५४

स्वयम्भु भगवानपाउको अत्याधुनिक घर तुरुन्तै बिक्रीमा ९८०६६५८८००, ९८०३८२२२७२

काठमाडौं गोलढुंगाको तुरुन्तै बिक्रीमाः ९७६७६५५२९५, ९८०३२३१८७६

## बीमालेख हरायो

मिति २०८२।१।१३ गते नख्खुस्थित मेरो कोठा सार्दा मेरो निम्न व्यहोरा भएको साविक सानिमा रिलायन्स इन्स्योरेन्स कं. लि. को बीमालेख हराएको हुनाले पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
**नामः गोमा तामाङ**
बीमालेख नं. ३०२००००१४०९
ठेगानाः फर्पिङ
फोन नं. ९८४९७८५०९३

**Embassy of India
RC ECHS, Defence Wing,
Kathmandu, Nepal**

**Inviting Bids for Supply and Installation of Queue Management System for ECHS Polyclinic Pokhara, Dharan and Butwal**

1. Sealed tender documents/ quotations are invited directly from reputed bidders for supply and installation of Queue Management System for ECHS Polyclinic Pokhara, Dharan and Butwal.
2. The last date of receipt of offer in sealed envelope is on or before 23 Nov 2025 up to 1700 hrs. The notice is also available on website www.indianembassy.org.np and eprocure.gov.in. The bid documents can be collected from RC ECHS, Defence Wing, Embassy of India, Kathmandu. Tele No **4001569.**

**AMA (ECHS)
RC ECHS
Defence Wing**
Embassy of India, Kathmandu, (Nepal)



## भावपूर्ण श्रद्धाञ्जली



जन्म
वि.सं. २०२३
फागुन १५ गते

स्वर्गारोहण
वि.सं. २०८२
कार्तिक १२ गते

स्व. इश्वरी खड्का

नेपाल प्राध्यापक संघमा कार्यरत कार्यालय सहयोगी **इश्वरी खड्का**को यही २०८२ कार्तिक १२ गते ५९ वर्षको उमेरमा भएको दुःखद निधनले नेपाल प्राध्यापक संघ स्तब्ध भएको छ । यस दुःखद घडीमा दिवङ्गत आत्माको चीरशान्तिको कामना गर्दै **स्व. इश्वरी खड्का**प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, शोक सन्तप्त परिवारजन तथा नाता कुटुम्बहरुप्रति हार्दिक समेवदना व्यक्त गर्दछौं ।

सह प्रा. नरेन्द्रप्रसाद सिवाकोटी
महासचिव

तथा

प्रा. डा. रमेशकुमार जोशी
अध्यक्ष

**नेपाल प्राध्यापक संघ**
केन्द्रीय कार्य समिति परिवार



## B&C MEDICAL COLLEGE
Teaching Hospital & Research Center Pvt. Ltd.
Affiliated to Kathmandu University | Birtamode Jhapa

## Vacancy Announcement

Published date: 2082 Kartik 18 (4th November 2025)

**B & C Medical College Teaching Hospital and Research Center Pvt. Ltd**, Birtamode, Jhapa, Nepal, affiliated to Kathmandu University, invites applications from qualified candidates for the few posts of Professor, Associate Professor, Assistant Professor and Lecturer in the following Departments.

**BASIC MEDICAL SCIENCE DEPARTMENTS**
1. Anatomy
2. Physiology
3. Biochemistry
4. Microbiology
5. Pathology
6. Pharmacology
7. Community Medicine
8. Forensic Medicine

**CLINICAL SCIENCE DEPARTMENTS**
1. Internal Medicine
2. Surgery
3. Obstetrics and Gynecology
4. Pediatrics
5. Orthopedics
6. ENT-Head & Neck Surgery
7. Ophthalmology
8. Radiology
9. Anesthesia
10. Dermatology
11. Psychiatry
12. General Practice and Emergency Medicine
13. Dental

**NURSING DEPARTMENT**
1. Maternal Health Nursing
2. Child Health Nursing
3. Medical Surgical Nursing
4. Psychiatric Nursing
5. Community Health Nursing

Interested candidates are requested to send their Curriculum Vitae (C.V.) to the email address mentioned below within 15 days from the date of this announcement, along with scanned copies of educational certificates from SLC/SEE to the highest qualification, a copy of citizenship, experience certificates, faculty approval certificates (not required for the Lecturer position), council registration certificates, one recent passport-size photograph, and details or links of published research papers/articles in relevant national or international Index/health journals.

**For further information:**
Human Resources Department
B&C Medical College Teaching Hospital and Research Center Pvt. Ltd.
Birtamode, Jhapa, Nepal,
Ph: 00977-023 535566 Ext. 204/249
E-mail: recruitment@bncmedicalcollege.edu.np



## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय महादेबवेशी, धादिङका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८२/०७/१८ गते मंगलबारको नागरिक राष्ट्रिय दैनिक)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले लिएको कर्जाको व्याज एवं किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भई यस बैंकबाट पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी तहाँ ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता भुक्तानी हुने मितिसम्मको बैंकलाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधी भित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाईं ऋणी, जमानतकर्ता लगायतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सकिने, कर्जाको सुरक्षण वापत धितो रहेको सम्पत्ति तथा तहाँको अन्य कुनै वा सबै सम्पत्ति लगायत जमानतकर्ता समेतको सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्थाबाट असूल उपर गरिने र उपर्युक्तानुसारका सम्पत्तिबाट बैंकको कर्जा चुक्ता नभएको खण्डमा तहाँ ऋणी तथा जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा जानकारी गराउँदछौं । आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा तथा बैंकको उल्लेखित काम कारवाहीबाट तहाँ ऋणी लगायत जमानतकर्ता उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण कर्जा चुक्ता फछ्र्यौट गर्नु हुने अपेक्षा गरिएको छ ।

**तपसिल**

**ऋणी तथा जमानतकर्ताको विवरण :**

| | |
|---|---|
| १. **ऋणी :** थाक्रे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय महादेबवेशी, धादिङमा स्थानीय शासन संचालन ऐन २०७४ को दफा ११ बमोजिम मिति २०७७/१२/१० गते व्यवसाय दर्ता नं. : १७१०/०१/०७७/०७८ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय कलंकी, करदाता सेवा कार्यालय गल्छीबाट मिति २०७७/१२/१६ मा करदाताको नाम कान्छी माया तामाङ कारोबारको नाम काली देवी कृषि तथा पशुपन्छी फर्म भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१५६५१९५४ को प्रमाणपत्र प्राप्त **काली देवी कृषि तथा पशुपन्छी फर्म** । ठेगाना : धादिङ जिल्ला थाक्रे गा.पा. वडा नं. १, गैरीगाउँ । | **प्रोप्राइटर तथा जमानतकर्ता : कान्छीमाया तामाङ** (ना.प्र.नं. २६ ३८२३०, जारी मिति २०५७/०४/२३, जि.प्र.का., धादिङ) । ठेगाना : धादिङ जिल्ला थाक्रे गा.पा. वडा नं १ ( साविक भुमेस्थान गा.बि.स. वडा नं. ५) । बाबु : सरम बहादुर तामाङ । पति : होम ब. तामाङ । ससुरा : टाउके तामाङ । |
| **जमानतकर्ता : होम ब. तामाङ्ग** (ना.प्र.नं. ७०९८, जारी मिति २०६०/०८/२६, जि.प्र.का., धादिङ) । ठेगाना : धादिङ जिल्ला थाक्रे गा.पा. वडा नं १ (साविक भुमेस्थान गा.बि.स. वडा नं. ९) । बाबु : टाउके तामाङ्ग । बाजे : बाग सिंह तामाङ्ग । | **धितो सुरक्षणको विवरण :** **१. होम बहादुर तामाङको** नाममा मालपोत कार्यालय, धादिङमा दर्ता श्रेष्ता कायम रहेको धादिङ जिल्ला भुमेस्थान गा.वि.स. वडा नं. ९ नक्सा नं. ९क स्थित कि.नं. ७६२ क्षेत्रफल १-०-०-० (रोपनी)को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत................१ २. ऋणी **काली देवी कृषि तथा पशुपन्छी फर्म**को स्वमित्वमा रहेको चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण .......१ |
| २. **ऋणी :** थाक्रे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय महादेबवेशी, धादिङमा स्थानीय शासन संचालन ऐन, २०७४ को दफा ११ बमोजिम मिति २०७७/१२/१० गते व्यवसाय दर्ता नं. १७१२/०१/०७७/०७८ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, कलंकी, करदाता सेवा कार्यालय गल्छीबाट मितिः २०७७/१२/१६ मा करदाताको नाम देब कुमारी तामाङ कारोबारको नाम **गैरीगाउँ** कृषि तथा पशुपन्छी फर्म भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१५६५१९९६ को प्रमाणपत्र प्राप्त **गैरीगाउँ कृषि तथा पशुपन्छी फर्म** । ठेगाना : धादिङ जिल्ला थाक्रे गा.पा. वडा नं. १, गैरीगाउँ । | **प्रोप्राइटर तथा जमानतकर्ता : देव कुमारी तामाङ** (ना.प्र.नं. ५४६३, जारी मिति २०६०/०८/२६, जि.प्र.का., धादिङ) । ठेगाना : धादिङ जिल्ला थाक्रे गा.पा. वडा नं १ ( साविक भुमेस्थान गा.बि.स. वडा नं. ९) । बाबु : टेक बहादुर तामाङ । पति : कान्छा तामाङ । ससुरा : कर्ण बहादुर तामाङ । |
| **जमानतकर्ता : कान्छा तमाङ** (ना.प्र.नं.२/२९५३, जारी मिति २०४६/०३/२०, जि.प्र.का. धादिङ) । ठेगाना : धादिङ जिल्ला थाक्रे गा.पा. वडा नं १ ( साविक भुमेस्थान गा.बि.स. वडा नं. ९) । बाबु : कर्ण बहादुर तामाङ । बाजे : बाग सिं तामाङ । | **धितो सुरक्षणको विवरण :** **१. कान्छा तमाङ**को नाममा मालपोत कार्यालय, धादिङमा दर्ता श्रेष्ता कायम रहेको धादिङ जिल्ला भुमेस्थान गा.वि.स. वडा नं. ९ नक्सा नं. ९क स्थित कि.नं.४९६ र ४९२ क्षेत्रफल ३-०-०-० र ०-१४-०-० (रोपनी)को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत...............................१ २.ऋणी **गैरीगाउँ कृषि तथा पशुपन्छी फर्म**को स्वमित्वमा रहेको चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण .......................१ |

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९००० 

## दर्ता नगरी व्यापार गर्न मिक्वाखोलामा कडाइ

ताप्लेजुङ, कात्तिक १७ (नागरिक)- ताप्लेजुङको मिक्वाखोला गाउँपालिकाले पालिकाको सीमानामा रहेका मुख्य बजार क्षेत्रहरूमा दर्ता नभई व्यापार व्यवसाय सञ्चालन गर्न कडाइ गर्ने भएको छ। म्याद नाघेका सामग्री बिक्री वितरण गरेको पाइए तथा फोहोरमैला जथाभावी फाले कडा कारबाही गर्ने चेतावनी दिएको छ। सडक किनारामा दुई मिटरसम्म सामग्री, दाउरा काठ जस्ता सामग्री राख्न नपाउने नियम पनि पालिकाले बनाएको छ।


NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

### धितोमा रहेको चल अचल सम्पति लिलाम विक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा तथा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितो मा रहेको तपसिल वमोजिमको चल अचल सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

#### तपसिल

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १ | **ऋणी कम्पनी : अनुश्का बहुउद्देसिय कृषि फार्म प्रा.लि., संचालक तथा जमानीकर्ता: अवधेश साह**<br>दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौमा दर्ता नं. २५३१३४/०७७/०७८, दर्ता मिति २०७७/१०/०६, ठेगाना: जिल्ला सर्लाही, चन्द्रनगर गा.वि.स. वडा नं. ७ |
| | **धितोको विवरण** |
| | १) हलखोरी साहको नाति, रामदेव साह तेलीको छोरा, सर्लाही जिल्ला, चन्द्रनगर गा.वि.स. वडा नं. ७ बस्ने राजकिशोर साहको नाममा मालपोत कार्यालय मलंगवा सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, चन्द्रनगर गा.वि.स. वडा नं. ८ ख स्थित किता नं. ७११, ८८८, ५३४, ९०४ को क्षेत्रफल क्रमश : ०-१०-३, ०-२-१२, ०-०-९-१० र ०-०-९$^{3/8}$ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) जैसी साह तेलीकी छोरी, रामदेव साह तेलीकी बुहारी, राजकिशोर साहकी पत्नी सर्लाही जिल्ला, चन्द्रनगर गा.वि.स. वडा नं. ५ बस्ने निर्मला देवीको नाममा मालपोत कार्यालय मलंगवा सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, चन्द्रनगर गा.वि.स. वडा नं. ८ ख स्थित किता नं. ७१०, ७३२, ९२७, को क्षेत्रफल क्रमश : ०-३-०, ०-२-३ र ०-४-१० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>३) जैसी साह तेलीकी छोरी, रामदेव साह तेलीकी बुहारी, राजकिशोर साहकी पत्नी सर्लाही जिल्ला, चन्द्रनगर गा.वि.स. वडा नं. ५ बस्ने निर्मला देवीको नाममा मालपोत कार्यालय मलंगवा सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, चन्द्रनगर गा.वि.स. वडा नं. ८ क स्थित किता नं. २२३ को क्षेत्रफल ०-१०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>४) अनुश्का बहुउद्देसिय कृषि फार्म प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| २ | **१) ऋणी फर्म : होम ए. टु. जेड, प्रोप्राईटर तथा जमानीकर्ता: भाग नारायण चौधरी**<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर रौतहटमा प्रा.फ.र.नं. ११९४५/१८५५(स्थानिय), दर्ता मिति २०७७/१२/३०, ठेगाना: जिल्ला रौतहट, च.पुर न.पा. वडा नं. ६ (हाल चन्द्रपुर न.पा. वडा नं. ४) |
| | **धितोको विवरण** |
| | १) भिखर साह कलवारको नाती, उपेन्द्र साहको छोरा, रौतहट जिल्ला, माधोपुर गा.वि.स. वडा नं. ६ बस्ने भागनारायण चौधरीको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, सपही गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. ७४५ को क्षेत्रफल ०-७-०-० (विगहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) होम ए. टु. जेडको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| | **२) ऋणी : भाग नारायण चौधरी**<br>स्थायी ठेगाना : रौतहट जिल्ला, माधोपुर गा.वि.स. वडा नं. ६, हालको ठेगाना : रौतहट जिल्ला, माधव नारायण न.पा. वडा नं. ६<br>बाबु : उपेन्द्र साह, बाजे : भिखर साह कलवार |
| | **धितोको विवरण** |
| | १) भिखर साह कलवारको नाती, उपेन्द्र साहको छोरा, रौतहट जिल्ला, माधोपुर गा.वि.स. वडा नं. ६ बस्ने भागनारायण चौधरीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. १६५९ को क्षेत्रफल ०-५-१०-० (विगहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) भिखर साह कलवारको नाती, उपेन्द्र साहको छोरा, रौतहट जिल्ला, माधोपुर गा.वि.स. वडा नं. ६ बस्ने भागनारायण चौधरीको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, सपही गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. ७४५ को क्षेत्रफल ०-७-०-० (विगहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । |
| ३ | **१) ऋणी फर्म : सगरमाथा सप्लायर्स, प्रोप्राईटर तथा जमानीकर्ता: पुजा चौधरी**<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर रौतहटमा प्रा.फ.र.नं. : १२९३५/१६०५, दर्ता मिति २०७९/०२/०३, ठेगाना: जिल्ला रौतहट, चन्द्रपुर न.पा. वडा नं. ४ |
| | **धितोको विवरण** |
| | १) आशनारायण साहको नाती, राजेश कुमार साहको छोरा, सर्लाही जिल्ला, मानपुर गा.वि.स. वडा नं. ६ बस्ने संजीव कुमार साहको नाममा मालपोत कार्यालय वरहथवा, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, गंगापुरसीतापुर गा.वि.स. ८ख (हाल : बरहथवा न.पा वडा नं. ७) स्थित कित्ता नं. ४५८२ को क्षेत्रफल ०-२-२-८ (विगाह) जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) सगरमाथा सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| | **२) ऋणी कम्पनी : आर्भी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., संचालक तथा जमानीकर्ता: संजीव कुमार साह**<br>दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौमा दर्ता नं. २५७९०७/०७७/०७८, दर्ता मिति २०७७/११/२०, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा वडा नं. १० |
| | **धितोको विवरण** |
| | १) आशनारायण साहको नाती, राजेश कुमार साहको छोरा, सर्लाही जिल्ला, बसबरीया गा.पा. वडा नं. १ बस्ने संजीव कुमार साहको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, च.पुर गा.वि.स. वडा नं. ५ (हाल चन्द्रपुर न.पा. वडा नं. ५) स्थित कित्ता नं. ५४०३ र ५३८२ को क्षेत्रफल क्रमश : ०-०-९$^{1/2}$ र ०-१-० (विगाह) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) आर्भी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| | **कर्जाको किसिम : व्यक्तिगत कर्जा**<br>**३) ऋणी : संजीव कुमार साह**<br>ठेगाना : सर्लाही जिल्ला, बसबरीया गा.पा. वडा नं. १, बाबु : राजेश कुमार साह, बाजे : आश नारायण साह |
| | जमानीकर्ता : **पुजा चौधरी**, स्थायी ठेगाना : सर्लाही जिल्ला, बागमती न.पा वडा नं. ९, हालको ठेगाना : सर्लाही जिल्ला, बरहथवा न.पा वडा नं. ७, बाबु : राज कुमार चौधरी, ससुरा : राजेश कुमार साह, पति : संजीव कुमार साह |
| ४ | **ऋणी : उपेन्द्र पंडित कुम्हार**<br>स्थायी ठेगाना : रौतहट जिल्ला, कटहरिया गा.वि.स. वडा नं. ८, हालको ठेगाना : रौतहट जिल्ला, कटहरिया न.पा. वडा नं. ५, बाबु : सोनालाल पंडित, बाजे : कुलदिप पंडित |
| | **धितोको विवरण** |
| | कुलदिप पंडितको नाति, सोनालाल पंडितको छोरा, रौतहट जिल्ला, कटहरिया गा.वि.स. वडा नं. ८ बस्ने उपेन्द्र पंडित कुम्हारको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, कटहरिया गा.वि.स. वडा नं. ८ (हाल: कटहरिया न.पा. वडा नं. ५) स्थित कित्ता नं. १३६१ को क्षेत्रफल ०-०-८-२.५ (विगाहा) को जग्गा तथा रौतहट जिल्ला, कटहरिया गा.वि.स. वडा नं. ४ (हाल: कटहरिया न.पा. वडा नं. ४) स्थित कित्ता नं. ३४५६ र ३४५७ को क्षेत्रफल क्रमश: ०-०-१२-८ र ०-०-१०-० (विगाहा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । |
| ५ | **१) ऋणी कम्पनी : रिलायन्स ट्रेड एण्ड इन्भेष्टमेन्ट कम्पनी प्रा.लि., संचालक तथा जमानीकर्ताहरु: १) पुरुषोत्तम घिमिरे, २) सरस्वती गौतम, ३) लिला देवी तिम्सीना, ४) गायत्री पौड्याल, ५) मोहन प्रसाद ओझा र ६) पुरुषोत्तम प्रसाद कोईराला**<br>दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंमा, दर्ता नं. ३७९१०/०६२/०६३, दर्ता मिति २०६२/१०/०३, ठेगाना: जिल्ला सर्लाही, हरिवन गा.वि.स. वडा नं. २ |
| | **धितोको विवरण** |
| | १) श्रीकान्तको नाति, चन्द्र नाथ घिमिरेको छोरा, सर्लाही जिल्ला, हरिवन गा. वि.स. वडा नं. २ बस्ने पुरुषोत्तम घिमिरेको नाममा मालपोत कार्यालय हरिवन सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. १ख (हाल हरिवन न.पा. वडा नं. ८ ) स्थित कित्ता नं. २०९९ को क्षेत्रफल ०-२-९.$^{1/2}$ (विगाह) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) मोहन बहादुर सिंहको छोरी, विश्वनाथ कोईरालाकी बुहारी, पुरुषोत्तम कोईरालाकी पत्नी सर्लाही जिल्ला, ईश्वरपुर गा.वि.स. वडा नं. २ बस्ने सिता कोईरालाको नाममा भुमिसुधार तथा मालपोत कार्यालय, मलंगवा सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला ईश्वरपुर गा.वि.स. वडा नं. १ख (हाल ईश्वरपुर न.पा. वडा नं. ५) स्थित कित्ता नं. ३४८, ६९७ र ६९८ को क्षेत्रफल क्रमश : ०-५-०, ०-२-२ र ०-२-१३-० (विगाह) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>३) गंगा प्रसाद पौड्यालकी बुहारी, दुर्गाहरि पौड्यालकी पत्नी, सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. २ बस्ने गायत्री पौड्यालको नाममा मालपोत कार्यालय हरिवन सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला हरिवन गा.वि.स. वडा नं. १ख (हाल हरिवन न.पा. वडा नं. ८) स्थित कित्ता नं. ८३४ र ६४३ को क्षेत्रफल क्रमश : ०-०-९-२$^{1/2}$ र ०-०-१८-५ (विगाह) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>४) रिलायन्स ट्रेड एण्ड इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती **(Goods & Assignment of Bills & Receivables)** उपर हाइपोथिकेशन सुरक्षण । |
| | **२) ऋणी: पुरुषोत्तम घिमिरे**<br>स्थायी ठेगाना : सर्लाही जिल्ला, हरिवन गा.वि.स वडा नं. २, हालको ठेगाना :सर्लाही जिल्ला हरिवन न.पा. वडा नं. ८,<br>बाबु : चन्द्र नाथ घिमिरे, बाजे : श्रीकान्त घिमिरे |
| | **धितोको विवरण** |
| | एविन्द्र राज तिम्सीनाकी छोरी, चन्द्र नाथ घिमिरकी बुहारी, पुरुषोत्तम घिमिरेकी पत्नी सिन्धुपाल्चोक जिल्ला, पाङ्ग्रेटार गा.पा वडा नं. १ बस्ने लिला देवी तिम्सीनाको नाममा मालपोत कार्यालय मलंगवा सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, बेला गा.वि.स. वडा नं. ४ (हाल ईश्वरपुर न.पा. वडा नं. १०) स्थित कित्ता नं.४५९, ५०६, को क्षेत्रफल क्रमश : २-२-१०-०, ०-१६-८-० (विगाह) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । |
| ६. | **१. ऋणी फर्म: पौडेल सप्लायर्स, प्रोप्राईटर तथा जमानीकर्ता - चन्द्र बहादुर पौडेल**<br>दर्ता नं.: वाणिज्य विभाग, मकवानपुरमा प्रा.फ.र.नं. १८९/८२/२०७५/२०७६, दर्ता मिति: २०७६/०१/०८, ठेगाना: जिल्ला मकवानपुर, मनहरी गा.पा. वडा नं. ७ |
| | **२. ऋणी: चन्द्र बहादुर पौडेल**<br>स्थायी ठेगाना : मकवानपुर जिल्ला, मनहरी गा.वि.स. वडा नं. ३, हालको ठेगाना : मकवानपुर जिल्ला, मनहरी गा.पा. वडा नं. ७<br>बाबु : अन्नत बहादुर पौडेल, बाजे : राम बहादुर पौडेल |
| | **धितोको विवरण** |
